# बिश्व स्वच्छ ब्यापार संगठन स्वच्छ ब्यापार मानक

## संस्करण ४.१ डिसेम्बर २०१७

### बिषय सूची


**१. परिचय,बनौट तथा परिभाषा**

१.१ परिचय

१.२ बनौट

१.३ मानक मापडण्ड कस्लाई लागू हुन्छ?

१.४ परिभाषा

**२. बिश्व स्वच्छ ब्यापार संगठनका सदस्यहरुका लागि सिद्धान्तहरु तथा मापडण्ड**

सिद्धान्त १ आर्थिकरुपले सीमान्तकृत उत्पादकहरुका लागि अबसर श्रृजना गर्ने

सिद्धान्त २ पारदर्शिता तथा जवाफदेहिता

सिद्धान्त ३ स्वच्छ ब्यापारका अभ्यासहरु

सिद्धान्त ४ उचित भूक्तानी

सिद्धान्त ५ बाल श्रम तथा बाध्यात्मक श्रम नभएको सुनिश्चित गर्ने

सिद्धान्त ६ भेदभाव रहित, लैङ्गिक समानता र महिलाहरुको आर्थिक सशक्तिकरण तथा संगठन स्वतन्त्रता प्रति प्रतिवद्धता

सिद्धान्त ७ राम्रो काम गर्ने बाताबरण सुनिश्चित गर्ने

सिद्धान्त ८ सक्षमता अभिबृद्धि प्रदान गर्ने

सिद्धान्त ९ स्वच्छ ब्यापारको प्रबर्द्धन

सिद्धान्त १० बाताबरण प्रति सम्मान

**३. स्वच्छ ब्यापार संस्थाहरुको आपूर्ति श्रृंखला ब्यबस्थापन तथा बिश्व स्वच्छ ब्यापार संगठन बस्तु लेबलको प्रयोग**

३.१ उत्पादकहरुको आन्तरिक मूल्यांकन (उत्पादक आ मू प्र)

३.२ आपूर्तिकता आ मू प मा स्वच्छ ब्यापार बस्तुको आपूर्तिकर्ताकहरुको मूल्यांकन

३.३ बिश्व स्वच्छ ब्यापार संगठन बस्तु लेबलको प्रयोग तथा गैर स्वच्छ ब्यापार बस्तु दायरा

**४. स्वच्छ ब्यापार सञ्जालका आबश्यकताहरु**

४.१ स्वच्छ ब्यापार सञ्जालका ब्यापारिक तथा खुद्रा ब्यापार सदस्यहरुको स्थापित दावी

४.२ स्वच्छ ब्यापार सञ्जालको लागि आबश्यक बिश्व स्वच्छ ब्यापार संगठन ग्यारेण्टी प्रणाली



Address
WFTO World Fair Trade Organization,
Godfried Bomansstraat 8-3,
4103 WR Culemborg, The Netherlands

Phone | Email | Online
Phone: +31(0) 345 53 6487
Email: info@wfto.com
Website: www.WFTO.com


WFTO
WORKING TOGETHER FOR A FAIRER WORLD

५. स्रोत नीति

**अनसूची १ उत्पादकरुको लागि लागू हुने मापडण्ड**
**अनसूची २ आपूर्तिकर्ता अनुगमणको लागि पहिचान गएिका स्वच्छ ब्यापार खाकाहरु**

## १. परिचय, बनौट तथा परिभाषा

### १.१ परिचय

विश्व स्वच्छ ब्यापार संगठन स्वच्छ ब्यापार मानक विश्व स्वच्छ ब्यापार संगठन ग्यारेण्टी प्रणालीको एक भाग हो । मानकमा विश्व स्वच्छ ब्यापार संगठनका १० वटा स्वच्छ ब्यापार सिद्धान्तहरु तथा अनुपालन मापदण्डका परिभाषाहरु समाबेश गरिएका छन् । विश्व स्वच्छ ब्यापार संगठनका सिद्धान्तहरु सदस्यहरुले निर्धारण गरेका हुन र यीनीहरु स्वच्छ ब्यापारका मूल्य, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)का सन्धीहरु, मानब अधिकार तथा अन्य अन्तर्राष्ट्रिय स्थापित सिद्धान्तहरुमा आधारित छन् ।

धरैजसो अनुपालन मापदण्डहरु अनिबार्य हुन र तिनीहरु मध्ये केहि शुरु देखि नै पालना गर्नु पर्दछ । केहि निश्चित समयमा पूरा गर्नु पर्ने छन । त्यस्तै केहि अनुपालन मापदण्डहरुमा सदस्यले निश्चित समयमा निरन्तर प्रगति भएको देखाउन पर्दछ ।

एक सदस्यको रुपमा तपाइले बि स्व ब्या संगठन स्वच्छ ब्यापार मानक लागू गर्ने तथा मापदण्ड सहनसील र पारदर्शी रुपमा कार्यान्वयन गर्ने र तपाइको स्वच्छ ब्यापार प्रयासहरुमा निरन्तर प्रगति गर्ने कार्य गर्नु पर्ने हन्छ। निरन्तर सुधारको दृष्टिकोण भनेको बि स्व ब्या संगठनका सदस्यहरुको बिचमा तपाइको स्वच्छ ब्यापार अभ्यासहरुमा कुनै समय अबधि भित्रमा मापनयोग्य, देख्न सकिने सुधारहरु उच्चतम रुपमा उपलद्धि प्राप्त गर्नु हो।
मापनको अनुपालन स्वयम मूल्यांकल , पियिर भिजित तथा निगरानी परिक्षण लगायत बिभिन्न तरिकाहरु द्वारा मूल्यांकन गरिन्छ । यी कुराहरु बि स्व ब्या संगठन ग्यारेण्टी प्रणली को हाते पुस्तकमा उल्लेख गरिएका छन।
बि स्व ब्या संगठन पुनर्मूल्यांकन नीतिले परिभाषित गरिए अनुसार यी मापनहरुमा सामयीक समिक्षा र परिबर्तन हरु गर्ने गरिन्छ.

मापडण्डहरुको अलाबा सबै सदस्यहरुले बि स्व ब्या संगठन को आचार संहितालाई पनि पालना गर्नु पर्ने हुन्छ।

### १.२ बनौट

बि. स्व. ब्या. संगठन स्वच्छ ब्यापार मानकहरु १० वटा सिद्धान्तहरु र त्यसका अनुपालन मापदण्डहरु मिलेर बनेका छन जसबाट सदस्यहरुले ती सिद्धान्तहरु कसरी लागू गरिरहेका छन सो को जांच गर्ने गरिन्छ। बि. स्व. ब्या. संगठन मानकहरु बि. स्व. ब्या. संगठन का सम्पूर्ण सदस्यहरुलाइ लागू हन्छ :
स्वच्छ ब्यापार बस्तु ब्यापार गर्ने स्वच्छ ब्यापार संस्थाहरु ( स्व ब्या सस्था), स्वच्छ ब्यापार सञ्जाल ( स्व ब्या संजाल) र स्वच्छ ब्यापार सहयोगी संस्था (स्व ब्या स सं)

**" अनुपालन मापदण्डहरु"** बि. स्व. ब्या. सगठनको सदस्यता प्राप्त गर्न र सदस्यताको निरन्तरता गर्न तपाईले पूरा गर्नु पर्ने आबश्यकताहरु हुन। अनुपालन मापदण्डहरुलाई सदस्यहरुको स्वयम मूल्यांकन रिपोर्ट (SAR), र निगरानी परिक्षणको आधारको रुपमा प्रयोग गरिन्छ। तपाईको अनुपालन कसरी प्रदर्शित गर्ने भन्ने बारे बुझ्न स्वयम मूल्यांकन रिपोर्टमा तपाइले थप संकेतहरु र निर्देशन नोटहरु पाउन सक्नु हुन्छ।
**"लागू हुने"** भन्ने कोलमले कस्तो किसिमको संगठनहरुमा सम्बन्धित अनुपालन मापदण्ड लागू हुने भन्ने जनाउंछ. जस्तै सबै सदस्यहरु, स्व.ब्या. संस्थाहरु, उत्पादक वा गृह श्रमिकहरु सहितको स्व ब्या संस्थाहरु, स्व ब्या संजाल अथवा स्व ब्य सहयोगी सस्थाहरु।
सबै मापदण्डहरु सुरु देखिनै पूरा गर्नु पर्छ भन्ने छैन. र कुन समयसम्ममा पूरा गर्नु पर्छ भन्ने कुरा **" पूरा गर्नु पर्ने"** भन्ने कोलममा देखाइएको छ। यस कोलमले समयाबधि र मापदण्डका प्रकारहरु जनाएको हुन्छ। "पूरा गर्नु पर्ने" तहहरु तीन प्रकारका छन् जस्तै अनिबार्य, यति बर्ष भित्रमा अनिबार्य र निरन्तर सुधार।

**अनिबार्य** भन्नाले अनुपालन मापडण्ड बि. स्व. ब्या. संगठन को सदस्यता लिनको लागि अनिबार्य छ।

**X बर्ष भित्रमा अनिबार्य** भन्नाले मापदण्ड बि. स्व. ब्या. सगठनं बाट ग्यारेण्टेड सदस्यता प्राप्त भएको बर्षबाट चांडोमा यति बर्ष भित्र पूरा गुर्नु पर्ने भन्ने बुझिन्छ। ( र त्यो बर्षलाई सून्य बर्षको रुपमा गणना गरिन्छ)
**निरन्तर सुधार** भन्नाले सदस्य संस्थाले आबश्यक कुरामा कार्य गरेको अपेक्षा गरिन्छ र यस्को आकार, क्षमता अनुसार बिस्तारै प्रगति भएको हुनु पर्दछ। अनुपालन मापदण्ड पूरा नभएसम्म बिस्तारै सुधार हुने अपेक्षा गरिन्छ।

**बि. स्व. ब्या. सगठनंले आफना सम्पूर्ण सदस्य संस्थाहरुले आफनो स्वच्छ ब्यापारको प्रदर्शनमा निरन्तर सुधार गरेको हेर्न चाहन्छ।**
यदि तपाईको संस्थाले कुनै मापदण्ड पूरा गर्नु भएको छैन र यो अर्को बर्ष देखि अनिबार्य हुन गइगरेको छ भने तपाइले ब्यबहारिक कार्ययोजनाहरु लागू गर्नु पर्छ जसले गर्दा तपाइको निरन्तर सुधार योजनामा उल्लेखित अनिबार्य समय सीमा सम्ममा हासिल गर्न सकियोस(स्वयम मूल्यांकन रिपोर्टको खण्ड) "निरन्तर सुधार" हासिल गर्ने तर्फको उन्नतिको योजना गर्नु पर्छ र सुधार योजनामा ट्राक गर्नु पर्छ.

**१.३ मानक मापदण्ड कस्लाइ लागू हुन्छ ?**

मापन सबै सदस्यहरुलाई लागू हुन्छ तर सबै अनुपालन मापदण्डहरु सबै बर्गका सदस्यहरुलाई लागू हुदैन.।यी बर्गिकरणहरु मानकको परिभाषा खण्डमा परिभाषित गरिएका छन।

सम्पूर्ण बि स्व ब्या संगठनं सदस्यहरुलाई स्वच्छ ब्यापार संस्था (FTO's) भनिन्छ जस्ले स्वच्छ ब्यापार बस्तुहरु उत्पादन गर्दछ र/ अथवा ब्यापार गर्दछ। र बि स्व ब्या संगठनको प्राय जस्तो मापडण्डहरु तिनीहरुलाइ लागू हुन्छ। केही मानक मापदण्डहरु अन्य सदस्यहरुलाइ पनि लागू हुन्छ जस्को प्रमुख उदेश्य ब्यापार वा उत्पादन गर्नु होइन, जस्तै स्वच्छ ब्यापार सहयोगी संस्था (FTSOs) तथा स्वच्छ ब्यापार सजालंहरु (FTNs)। यदि स्ब ब्या स संस्था र स्व ब्या संजालहरुले पनि स्व ब्या बस्तुहरुको ब्यापार गर्दछ भन्ने तिनिहरुले पनि आफनो ब्यबशायिक कृयाकलापहरुको लागि स्व ब्या संस्थां सम्बन्धि मापडण्डहरु पनि पालना गर्नु पर्ने हुन्छ।

*यदि स्व ब्या स सं र स्व ब्या संजालहरुको स्व ब्या बस्तु ब्यापारको सीमा बि स्व ब्या संगठनले टोकेको भन्दा बढी ( १००००० यूरो प्रतिबर्ष) छ भन्ने तिनीहरुले पनि स्व ब्या संस्थां को लागि लागू भएको मापक मापडण्डहरु पालना गर्नु पर्दछ र स्व ब्या संस्थाको ग्यारेण्टी प्रणाली ( स्वयम मूल्यांकन रिपोर्ट, पियर भिजित, अनुगमन परिक्षण सहितको स्व ब्या संस्था निगरानी चक ) सबै तिनीहरुलाई पनि लागू हुन्छ।*

स्व ब्या संस्थाहरुलाइ बि स्व ब्या संगठन मापन लागू गर्ने सम्बन्धमा स्व ब्या सस्थाहरुंहरुको प्रकारमा कुनै फरक छैन। यदि संस्थाको स्वच्छ ब्यापार कियाकलापहरु संग सम्बन्धित छ भन्ने सम्पर्ण स्व ब्या संस्था मापडण्डहरु लागू हुन्छ। यदि सम्बन्धित छैन भन्ने मापडण्ड यस प्रकारका बिशेष सदस्यको लागि लागू हुंदैन।

निम्न उपखण्डले "कामदारहरु", " उत्पादकहरु" र " स्व ब्या बस्तुका आपूर्तिकर्ताहरु" बिचको फरक सम्बन्धि परिचय प्रदान गर्दछ जस्लाई बि स्व ब्या संगठन मापडण्ड लागू हुनेछ र बि स्व ब्या संगठन भित्र " आर्थिक रुपले सिमान्तकृत" को अबधारण प्रस्तुत गरिएको छ।

**<u>कामदारहरु</u>**

स्व ब्या संस्थाहरुसंग रोजगारी सम्बन्ध रहेका सबैलाई कामदार भनिन्छ ।

अ श्र सं अनुसार त्यस्तो अबस्थामा रोजगारी सम्बन्ध कायम हुन जान्छ जब (क) बस्तुमा कामदारको स्वमित्व रहन्दैन (ख) कामदारले कच्चा पदार्थहरु र निर्देशनहरु अरुबाट प्राप्त गर्दछ (ग) कामदारले बस्तुको आर्थिक जोखिम ब्यहोर्दैन। कामदारहरु भन्नाले स्व ब्या संस्था संग काम गर्ने कारखानाका सम्पूर्ण कामदारहरु, कार्यालय र गोदामका कामदारहरु , गृह श्रमिकहरु , टुका दरका काम गर्ने कामदारहर, ठेक्काका कामदारहरु , मौसमी कामदारहरु र आकष्मिक कामदारहरु भन्ने बुभिन्छ।
राष्ट्रिय कानूनले साधारणतया रोजगारी सम्बन्ध कसरी स्थापित हुन्छ भन्ने बारे निर्देशिका प्रदान गर्दछ। ह्रेइन भन्ने अ श्र सं ले थप निर्दशिका प्रदान गरेको छ।

> *नोट : अनौपचारिक हस्तकला क्षेत्रमा धर / गाउंमा आधारित स्व ब्या संस्थाको परिसरमा कार्यरत "उत्पादकहरु" माथिको बिश्लेषणबाट उत्पादक होइन कामदारको बर्गिकरणमा पर्दछ। यस्ले गर्दा तिनीहरुको कानूनी सुरक्षा र बि स्व ब्या संगठन मापन मापडण्डहरुको आबश्यकतामा प्रभाब पार्दछ्*

स्ब ब्या सस्थांहरु प्रत्यक्ष रुपमा आफना कामदारहरु (गृह श्रमिकहरु समेत) को लागि बि स्व ब्या सगठनं स्व ब्या मापडण्डहरु लागू गर्ने र अनुगमन गर्ने कार्यमा जिम्मेबार रहन्छ।

**<u>उत्पादकहरु/उत्पादक समूह</u>**

उत्पादहकहरुले स्व ब्या संस्थाको लागि स्व ब्या बस्तुहरु उत्पादन गर्दछ, उब्जनी गर्दछ अथवा प्रोसेस गर्दछ।
बि स्व ब्या संगठनको स्व ब्या मानकको उत्पादक अनुपालन संग सम्बन्धित खण्डहरु स्व ब्या संस्था को जिम्मेबारी हो र त्यसलाइ उत्पादक आ मू प्र (उत्पादक आन्तरिक मूल्यांकन प्रणाली) अन्तर्गत मूल्यांकन गरिन्छ ( बिस्तृत बिबरणको लागि हर्नु होस अध्याय ३.१
उत्पादकहरुले बस्तुहरुको स्वमित्व ग्रहण गरेको हुन्छ र उनीहरुले त्यसलाइ स्व ब्या संस्थालाई बिकि गर्दछ। तिनीहरुको कार्यस्थल उत्पादकको धर , उस्को/तिनको खेत अथवा रोजगारी सम्बन्ध नभएको अबश्थामा स्व ब्या संस्था को

परिसर ( "कामदारका" परिभाषा हेर्नु होस) हुन सक्दछ। उत्पादकहरुले आफनो बस्तु प्रत्यक्ष रुपमा स्व ब्या संस्थालाई बिकी गर्दछ (प्राय समूहको रुपमा, तर मध्यस्थकर्ता मार्फत होइन)

उत्पादकहरु प्राय उत्पादक समूहमा संगठित भएको हुन्छ। सामूहिक संगठनको श्रेणी र उत्पादनमा समूहको भूमिका, स्व ब्या संस्थालाई गरिने बिकी र मापन कार्यान्वयन फरक फरक हुन सक्छ। जहां समूह राम्रो सित सँगठित छ त्यस्तोमा केही अनुगमन भूमिका अथवा मूल्यांकन कार्य उत्पादक समूहलाइ प्रत्यायोजन गर्न सकिन्छ। तर अन्ततगत्वा अनुपालन गर्ने जिम्मेबारी स्व ब्या संस्थाकै हो।
स्व ब्या संस्थाको को बि स्व ब्या संगठन सदस्यता अन्तर्गत उत्पादकहरुलाई समाबेश गरिएको हुन्छ। (साधारण तथा उत्पादक समूहको क्लष्टरको रुपमा) र बि स्व ब्या संगठनको स्वच्छ ब्यापार मापन अनुपालन सम्बन्धमा तिनीहरुको मूल्यांकन र रिपोटिंग गर्ने जिम्मा स्व ब्या संस्थाको हो।
बि स्व ब्या संगठनको अनुपालनको मापडण्डको एउता सानो उपसमूह प्रत्यक्षरुपमा उत्पादकहरुलाई लागू हुने गर्दछ र स्व ब्या संस्थाले उत्पादकहरु संग सहकार्य गरेर ती मापडण्डहरु पूरा गराउनु पर्दछ(अनूसची १मा उल्लेखित)। बि स्व ब्या संगठन ग्यारेण्टी ब्यबस्थाको स्व ब्या संस्थाको मूल्यांकन ( मूल्यांकन परिक्षण अथवा पियर भिजित) ले पनि स्व ब्या संस्थाको को स्व ब्या उत्पाकहरुलाई आबरण गरेको हुन्छ। उत्पादकहरुले स्व ब्या बस्तुहरु प्राय आफैले उत्पादन/ उब्जनी गरेको हुन्छ अथवा आफनो परिवारको सहायताले बस्तुको प्रकृतिको आधारमा उत्पादकहरुले केहि कामदारहरुबाट पनि सहयोग लिएको हुन सकिन्छ।

*यदि कुनै उत्पादकले उल्लेख्य रुपमा कामदारहरुलाई रोजगारी दिएको छ भन्ने तब थप साबधानी अप्नाउनु पर्ने आबश्यकता हन्छ। ५० जना भन्दा बढी कामदारहर ( ३ महिना भन्दा बढी समयको लागि) रोजगारमा लगाइएको छ भन्ने त्यस्तो लाई " आपूर्तिकर्ता" भनिन्छ। त्यस्तोमा स्व ब्या बस्तुहरु आपूतिकर्ताहरुको आबश्यकता लागू हन्छ।(तल तथा अध्याय ६.३.३ हेर्नुस)*

यदि स्व ब्या बस्तुहरु स्व ब्या संस्थाका कामदारहरुले उत्पादन गरेको अथवा प्रत्यक्ष रुपमा उत्पादक/ उत्पादक समूहबाट खरिद गरेको होइन तर मध्यस्थकर्ता वा उत्पादकहरुलाई संगठित गर्ने कम्पनी/ उत्पादकहरुको ठेक्कादार संग खरिद गरिएको छ भन्ने त्यस्तो खरिद " आपूर्तिाकर्ता" संग खरिद गरिएको मानिने छ। र त्यसको लागि आपूर्तिकर्ताको आन्तरिक मूल्यांकन ब्यबस्था गर्नु पर्ने आबश्यक हुन्छ। तल र अध्याय ३.२ हर्नुस।

**स्व ब्या बस्तुहरुका आूपर्तिकर्ताहरु**

स्व ब्या बस्तुहरुका आूपर्तिकर्ताहरु भन्नाले मध्यस्थकर्ताहरु , भेण्डरहरु र ५० जना भन्दा बढी कामदार रहेको उत्पादकलाई जनाउंछ
तिनीहरु स्वतन्त्र परिपक्व ब्यबशायीक एकाई हुन जस्ले आफनो उत्पादन साधनहरु, वजार, बिकी आफैले ब्यबस्थापन गरेको हुन्छ। तिनीहरले साधारण तया बिभिन्न प्रकारका केताहरुलाई सामान बिकी गरेको हुन्छ। तिनीहरुले बि स्व ब्या संगठन स्व ब्या मापनहरु ब्यबस्थापन गर्न सक्ने अपेक्षा गर्न सकिन्छ।
स्व ब्या बस्तुको आपूर्तिकर्ताहरुले बि स्व ब्या संगठन स्व ब्या मापडण्डहरु निम्न बमोजिम लागू गरेको हुनु पर्दछ
(क) बि स्व ब्या संगठनको सदस्यता प्राप्ति अथवा बि स्व ब्या संगठनको मान्यता प्राप्त गरेको स्व ब्या योजनाहरु द्वारा प्रमाणित
त्यस्ता आपूर्तिकर्ताहरु लाई "अत्यन्त प्रमाणित आपर्तिकर्ताहरु" को रुपमा उल्लेख गरिन्छ।
(ख) नभएको खण्डमा स्व ब्या बस्तुको आपूर्तिकर्ताहरुलाई स्व ब्या संस्थाको आपूर्तिकर्ता आन्तरिक मूल्यांकन ब्यबस्था अन्तर्गत अनुगमन गर्नु पर्दछ र आपूर्तिकर्ता आन्तरिक मूल्यांकन ब्यबस्थाले तल्लो तह सम्म पगेर उत्पादकहरु सम्मको स्व ब्या अभ्यास गरेको छ कि छैन हेर्नु पर्दछ।
आपूर्तिकर्ता आन्तरिक मूल्यांकन ब्यबस्थाको आबस्यकताहरु अध्याय ३.२ मा चर्चा गरिएका छन।

**आर्थिक रुपले सिमान्तकृत**

बि स्व ब्या सगठनंले आफनो मिशनको ढांचा अनुरुप र साथै आफनो सदस्यता र अनुगमन प्रकृया भित्र रहेर “आर्थिक रुपले सिमान्तकृत” को परिभाषा र अबधारणा निम्न अनुसार गरेको छ।
“आर्थिक रुपले सिमान्तकृत” भन्नाले त्यस्तो ब्यक्ति अथवा समुदाय हो जो अर्थतन्त्रको तल्लो परिधीय किनारामा सिमित गरिएका हुन्छन र तिनीहरुलाई आफनो क्षमता भन्दा बाहिरको तत्वहरुले गर्दा अर्थतन्त्रको मूलधारमा आउन निशेध गरिएको हुन्छ”
कुनै पनि मलुक अथवा समुदायमा ब्यक्ति लाई आर्थिक रुपले सिमान्तकृत बन्न बाध्य पार्ने कारकतत्वहरु ठाउं अनुसार फरक फरक हुन्छन। तर बि स्व ब्या संगठनको परिभाषाको लागि तलका कुराहरु मध्ये कनै एक समाबेश भएको हुनु पर्दछ।

- मलुकको त्यस्तो स्थानमा बसोबास गरेको जहां कामको अबसर अत्यन्त न्यून छ । अर्को शब्दमा निरन्तर बेरोजगार हुने स्थानमा बसोबास गरेको
- शिक्षा र ब्यबसायिक प्रशिक्षणको अभाब र पहुंचमा कमी (जस्तै बित्तीय कारणले गर्दा)
- मानसिक अथवा शारिरिक रुपमा अशक्त जसले गर्दा पाम्परिक रोजगारी प्राप्त गर्न असमर्थ
- बिभेदकारी प्रचलनको शिकार जस्ले गर्दा बिद्यमान राम्रो रोजगार अथवा शिक्षा/प्रशिक्षणको अबसर सम्म पुग्न रोक लगाउंछ।
- अस्वच्छ ब्यापारिक नियमहरु, एकाधिकारको सर्बेसर्बा, अथवा राजनैतिक निशेधहरुले गर्दा समान ब्यापारिक साझेदारीको रुपमा बजारमा स्थापना गर्न नसक्न '

यो निम्न बमोजिमका समूह वा संगठनहरुलाई लागू हुन सक्छन तर तिनीहरुमा मात्र सिमित हुंदैनन

- सहकारी संग आबद्ध कृषकहरु जस्ले आफनो परिबारको लागि सम्मानित जिबनस्तर हासिल गर्न सक्दैनन र कृषि कार्य छोडन बाध्य हुने अबस्थामा हुन्छन
- सिमान्तकृत/ बिपन्न ब्यक्तिहरुको आर्थिक समाबेसीताको लागि तथा तिनीहरुको लागि सामाजिक तथा आर्थिक अबसरहरु श्रृजना गर्न कार्यरत संस्थाहरु
- हस्तकला उत्पादकहरु जस्ले आफनो परिबारको लागि सम्मानित जिबन सुरक्षित पार्न सक्दैनन
- सरनार्थिहरु
- डवण्डका शिकार
- संगठित अपराध तथा अबैध आर्थिक कार्यहरुबाट भागेका/निस्किएका ब्यक्तिहरु
- सामाजिक तथा एकबद्ध ब्यबशायहरु

## १.४ परिभाषाहरु

| शब्दहरु | परिभाषा |
|---|---|
| आर्थिक रुपले सिमान्तकृत | आर्थिक रुपले सिमान्तकृत भन्नाले त्यस्तो ब्यक्ति अथवा समुदाय हो जो अर्थतन्त्रको तल्लो परिधिय किनारामा सिमित गरिएका हुन्छन। र तिनीहरुलाई आफनो क्षमता भन्दा बाहिरको तत्वहरुले गर्दा अर्थतन्त्रको मूलधारमा आउन निशेध गरिएको हुन्छ।<br>नोटः अध्याय १.३ ले आर्थिक रुपले सिमान्तकृत को अबधारणलाई बिस्तृत रुपमा ब्याख्या गरिएको छ। |
| स्वच्छ ब्यापार | बि स्व ब्या संगठन को मापन अथवा अन्य कुनै स्वीकार्य स्वच्छ ब्यापार प्रणाली अनुसार चलेको स्वच्छ ब्यापार ब्यबहार |
| स्वच्छ ब्यापार संजाल( स्व ब्या संजाल) | बि स्व ब्या सगठनं को सदस्य संस्था जुन स्वच्छ ब्यापार प्रति प्रतिबद्ध संस्थाहरुको संगठन हो |
| स्वच्छ ब्यापार संस्था ( स्व ब्या संस्था) | बि स्व ब्या संगठन को सम्पूर्ण ब्यापारिक सदस्यहरु |
| स्वच्छ ब्यापार सहयोगी संस्था (स्व ब्या स संस्था) | बि स्व ब्या सगठनं को सदस्य जस्को प्राथमिक उद्येष्य स्वच्छ ब्यापारलाई सहयोग गर्ने र / अथवा त्यस्ता संस्थाहरुलाई सहयोग पुर्याउने संस्था जुन या त स्वच्छ ब्यापार संस्था हुन वा हुन चाहन्छन |
| स्वच्छ ब्यापार बस्तु | बाह्यरुपले प्रमाणित, बि स्व ब्या संगठन का सदस्यहरु अथवा आ मू प्र (IMS) उत्पादकहरु तथा आपूर्तिकर्ताहरु द्वारा उत्पादित / उब्जनी गरिएको कुनै पनि बस्तु |
| गृह श्रमिक | घरमा बसेर वा अनौपचारिक समूहमा(जस्तै गाउंको कार्यशाला) काम गर्ने कामदार जस्लाइ स्व ब्या संस्थाले रोजगारी दिएको हुन्छ( पूरा समय, केहि समय, टुक्रा दरको आधारमा)। गृह श्रमिकहरुको काम गर्ने अबश्था बारेको जिम्मेवार स्व ब्या संस्था हुनेछ। तिनीहरुले मापनका आबश्यकताहरु निभाएको हुनु पर्दछ, समय समयमा निरन्तर भ्रमण गरेर अनुगमन गर्नु पर्दछ। |
| आन्तरिक मूल्यांकन प्रणाली (आ मू प्र) | आन्तरिक मूल्यांकन प्रणाली दुइ प्रकारका छन।" उत्पादक आ मू प्र"को लागि हेर्नुस अध्याय ३.१ तथा "आपूर्तिकर्ता आ मू प्र" को लागि अध्याय ३.२ |
| स्थानिय जीबन यापन | स्थानिय जीबन यापन ज्याला भन्नाले कुनै कामदारले प्रत्येक हप्ता (४८ घण्टामा नबढने) |

| | |
|---|---|
| ज्याला | काम गरे बापत प्राप्त गर्ने पुनराबृति हो जुन उस्को/तिनको परिबारको लागि राम्रो जीबन यापनको लागि यथेष्ट होस। राम्रो जीबन यापनको तत्वहरु भन्नाले खाना, पानी, घर, शिक्षा, स्वास्थ, यातायात, लत्ता कपडा र अन्य अति आबश्यक आबश्यकताहरु र नसोचेको घटनाहरुको लागि गर्न पर्ने प्राबधान पनि पर्दछ। |
| उत्पादक / उत्पादक समूह | उत्पादहकहरुले स्व ब्या संस्था को लागि स्व ब्या बस्तुहरु उत्पादन गर्दछ, अथवा उब्जनी गर्दछ र बस्तुको स्वामित्य स्व ब्या संस्था लाई बिकी नगरे सम्म आफुमै रहेको हुन्छ। उनीहरु साधारणतया उत्पादक समूहमा संगठित भएर रहेको हुन्छ। । तिनीहरुको मापडण्ड प्रतिको अनुपालन स्व ब्या संस्था को जिम्मेबारी हो र त्यसलाइ उत्पादक आन्तरिक मूल्यांकन ब्यबस्था अन्तर्गत मूल्यांकन गरिन्छ। तिनीहरुको कार्यस्थल उत्पादकको धर , उस्को / तिनको खेत अथवा रोजगारी सम्बन्ध नभएको अबस्थामा स्व ब्या सस्थां को परिसर हुन सक्छ (कामदारको परिभाषा हर्नु होस)। उत्पादकहरुले आफनो बस्तु प्रत्यक्ष रुपमा स्व ब्या सस्थांलाइ बिकी गर्दछ(प्राय समूहको रुपमा)। उत्पादकहरुले स्व ब्या बस्तुहरु प्राय आफैले उत्पादन/ उब्जनी गरेको हुन्छ अथवा आफनो परिवारको सहायताले बस्तुको प्रकृतिको आधारमा उत्पादकहरुले केहि कामदारहरुबाट पनि सहयोग लिन सकिन्छ। ५० जना भन्दा बढी कामदार भएका उत्पादकहरु, स्वतन्त्र उत्पादक समूहहरु, परिपक्व भेण्डरहरु आपूर्तिकर्ता मानिन्छ |
| स्व ब्या बस्तुहरुका आपूर्तिकर्ताहरु | स्वच्छ ब्या संस्थाका स्व ब्या बस्तुहरुका भेण्डरहरु ।तिनीहरु स्वतन्त्र परिपक्व ब्यबशायीक एकाई हुन जस्ले आफनो उत्पादन साधनहरु, वजार, बिकी आफैले ब्यबस्थापन गरेको हुन्छ। स्वच्छ ब्यापार बस्तुका आपूतिकर्ताहरु बि स्व ब्या सगठनको सदस्य या कुनै स्व ब्या प्रणाली बाट मान्यता प्राप्त भएको अपेक्षा गरिन्छ।( बाहिरबाट प्रमाणित स्वच्छ ब्यापार बस्तुका आपूतिकर्ताहरु) |
| बि स्व ब्या सगठनको सदस्य | बि स्व ब्या सगठनका सम्पूर्ण सदस्यहरु<br>बि स्व ब्या सगठन स्वच्छ ब्यापार शिद्धान्तहरुले सदस्यलाई ‘‘संस्था’’ भनेर उल्लेख गरेको छ। |
| कामदार | स्व ब्या संस्थाहरुसंग रोजगारी सम्बन्ध रहेका सबै<br>कामदारहरु भन्नाले स्व ब्या संस्था संग काम गर्ने कारखानाका कामदारहरु, गृह श्रमिकहरु , टुका दरका काम गर्ने कामदारहरु, ठेक्काका कामदारहरु , मौसमी कामदारहरु र आकष्मिक कामदारहरु हुन सकिन्छ। |

।

## २. विश्व स्वच्छ व्यापार संगठनका सिद्धान्तहरु तथा सदस्यताका मापदण्ड

### सिद्धान्त १ः आर्थिक दृष्टिले सीमान्तकृत उत्पादकहरुलाई अवसरहरु सिर्जना गर्ने

व्यापारको माध्यमबाट गरिबी घटाउने संस्थाको उद्देश्यको एउटा महत्वपूर्ण अंग बनेको हुन्छ । संस्थाले आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु तथा कामदारहरुलाई सहयोग गर्दछ चाहे तिनीहरु समूहमा, सहकारी वा कम्पनीमा, स्वच्छ

व्यापारमा प्रतिवद्ध पारिवारिक व्यवसायहरुमा कार्यरत वा अनौपचारिक/स्वरोजगार कामदार वा घरमै बसि उत्पादन गर्ने  कामदार रहेका होस् । यसले तिनीहरुको आय अनिश्चितता तथा गरिवी हटाई सामाजिक तथा आर्थिक रुपले सवल हुन सक्षम बनाउन खोज्ने छ । ती कार्यहरु गर्न संस्थाको कार्य योजना भएको हुन्छ ।

| क.सं. | अनुपालन मापदण्ड | हुन पर्ने स्थिति |
|---|---|---|
| १.१ | **ध्येयः** व्यापारको माध्यमबाट गरिबी न्यूनिकरण तथा आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु तथा कामदारहरुको सामाजिक एवं आर्थिक स्थिति सुधारमा प्रतिवद्धता नै संस्थाको उद्देश्यको एउटा महत्वपूर्ण अंग भएको हुनु पर्दछ र यसलाई विधान, नियम विनियम वा सार्वजनिक ध्येय विवरणबाट सुनिश्चित गरेको हुनु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| १.२ | **उच्च व्यवस्थापन जिम्मेवारीः** उच्च तहमा नै संस्थाको उद्देश्य स्वच्छ व्यापार हो भन्ने पहिचान गरिएको र विश्व स्वच्छ व्यापार संगठनको स्वच्छ व्यापार मानकलाई उच्च व्यवस्थापनमा समाहित गरिएको हुन्छ ।  सबै व्यवस्थापकीय कर्मचारीहरुले स्वच्छ व्यापारका सिद्धान्तहरु बुझेको हुनु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| १.३ | **आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु/कामदारहरुमा केन्द्रित :** संस्थाको काम तथा व्यापार मुख्यतया सामाजिक तथा आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु तथा कामदारहरु संग भएको हुन्छ । यस्तै सामाजिक तथा आर्थिक रुपले सीमान्तकृतहरु संग कार्य गर्ने स्वच्छ व्यापार उत्पादनका आपूर्तिकर्तासंग वा त्यस्ता समूहहरुसंग उत्पादन खरिद गर्ने संग पनि संस्थाले काम तथा व्यापार गरेको हुन्छ । यसबाट संस्थाको काम वा व्यापारको मध्यनजर नै ती सीमान्तकृत समूहहरुमा सकारात्मक प्रभाव गर्नु रहेको हुन्छ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| १.४ | **अवस्था सुढृदीकरण प्रतिवद्धताः** संस्थाको व्यापारिक कार्यकलाप एवं गतिविधिहरुबाट प्रतिबद्धता अनुरुप आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु, कामदारहरु तथा स्वच्छ व्यापारका उत्पादन आपूर्तिकर्ताहरुको आर्थिक तथा सामाजिक स्थिति सुधार भएको प्रदर्शित भएको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| १.५ | **नैतिक कार्यकलापः** स्वच्छ व्यापार प्रति प्रतिवद्ध संस्थाले स्वच्छ व्यापार कार्यकलापहरुमा र यसको विस्तारमा नाफाको महत्वपूर्ण हिस्सा पुनः लगानी भएको हुनु पर्दछ र आनुपातिक स्तरमा व्यवस्थापन खर्च भएको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै स्वच्छ व्यापारिक संस्थाहरु |

**सिद्धान्त २  पारदर्शिता तथा जवाफदेहिता**

संस्थाको व्यवस्थापन तथा व्यावसायिक सम्वन्धहरुमा पारदर्शिता भएको हुनु पर्दछ । संस्थासंग सम्वन्धित सबै जिम्मेवार हुनुको साथै व्यापारिक सूचनाको संवेदनशीलता र गोप्यताको सम्मान भएको हुनु पर्दछ ।

कामदारहरु, उत्पादकहरु र सदस्यहरुलाई निर्णय प्रक्रियामा संलग्न गराउन उपयुक्त सहभागीतामूलक तरिका पहिल्याएको हुन्छ । आफ्ना सबै व्यापार साझेदारहरुलाई सान्दर्भिक सूचनाहरु उपलव्ध गराईएको सुनिश्चित भएको हुनु पर्दछ । सञ्चारका माध्यमहरु सबै तहका आपूर्ति श्रृखलाहरुमा राम्रो तथा खुल्ला भएको हुनु पर्दछ ।

| क.सं. | अनुपालन मापदण्ड | हुन पर्ने स्थिति |
|---|---|---|
| २.१ | **संस्था र प्रशासनः** संस्थामा परिभाषित तथा कार्यगत संगठनात्मक स्वरुप र प्रशासनिक ढाँचा हुनुको साथै विश्वसनीय लेखा प्रणाली भएको हुनु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| २.२ | **पारदर्शिताः** व्यापार साझेदार र सर्वसाधारण (उपयुक्त भएमा) लाई पारदर्शि तथा स्थापित सूचना प्रवाहको ढंगबाट आफ्ना स्वच्छ व्यापार कार्यकलापहरु, आपूर्ति श्रृंखला वा सदस्यताका आवश्यकताहरु सहित जानकारी उपलव्ध गराएको हुनु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| २.३ | **सञ्चार तथा पृष्ठपोषणः** संस्थामा कामदारहरु, उत्पादकहरु तथा सदस्यहरुको साथै व्यापार साझेदारहरुसंग प्रभावकारी आन्तरिक सञ्चार प्रवाह भएको हुनु पर्दछ । संस्था सुधार योजना बनाउँदा आफ्ना साझेदारहरुबाट कम्तिमा २ वर्षको एकचोटि पृष्ठपोषणहरु संकलन गरी तिनीहरुलाई ध्यान दिएको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| २.४ | **सहभागीतामूलक निर्णय प्रकियाः** संस्थाको निर्णय प्रकृयामा उत्पादकहरु, कामदारहरु तथा सदस्यहरुलाई संलग्न गराउने उपयुक्त सहभागीतामूलक प्रकृया भएको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| २.५ | **उत्पादन लेवलिङ्ग तथा दावी** : संस्थाले उत्पादनको सही लेवलिङ्ग गरेको हुनु पर्दछ र आफ्नै कामदार वा स्वच्छ व्यापार उत्पादकहरु वा स्वच्छ व्यापार उत्पादनका आपूर्तिकर्ताहरुबाट उत्पादन भएका “स्वच्छ व्यापार” (विश्व स्वच्छ व्यापार संगठनको लेवल सहित वा रहित) उत्पादन भनि स्थापित दावी भएको हुनु पर्दछ ।<br><br>*संस्थाले विश्व स्वच्छ व्यापार संगठनको लेवल प्रयोग गर्न सक्ने छैन वा संस्थाको प्रोफाइल वा स्वमूल्याँकन (SAR)मा गैर स्वच्छ व्यापार उत्पादनहरुमा सूचिकृत कुनै पनि उत्पादनहरुलाई स्वच्छ व्यापार उत्पादन दावी गर्न सक्ने छैन । ६.३.४. हेर्नु होला* | **अनिवार्य**<br>सबै सदस्यहरु |

| | | |
|---|---|---|
| २.६ | **स्वच्छ व्यापार सञ्जाल सदस्यहरु द्वारा स्थापित दावी :** स्वच्छ व्यापारका सिद्धान्त अनुरुप उत्पादित तथा व्यापार गरिएका उत्पादनहरुमा मात्र सञ्जालका व्यापारिक सदस्यहरुले "स्वच्छ व्यापार" लेवल राखि स्वच्छ व्यापारको दावी स्थापित गर्न सकिनेछ । कुनै पनि स्वच्छ व्यापार सञ्जालका सदस्य संस्थाले आफैले सदस्यता प्राप्त नगरी कुनै पनि तरिकाबाट बजारीकरणको सन्दर्भमा विश्व स्वच्छ व्यापार संगठनको सम्वन्धन उल्लेख गर्न सक्ने छैन ।<br><br>*स्वच्छ व्यापार सञ्जाल संस्थाहरु तथा तिनीहरुका सदस्यहरुले "स्वच्छ व्यापार" उत्पादन दावी स्थापित गर्ने, लघु व्यापार गर्ने सदस्यहरुको लागि अपवाद तथा स्वच्छ व्यापार सञ्जालका खुद्रा व्यवसायी सदस्यहरुका लागि आवश्यक आधारहरुको निर्देशनको लागि अध्याय ६.४ हेर्नु होला ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |

## सिद्धान्त ३ स्वच्छ व्यापारका अभ्यासहरु

### उद्देश्य
संस्थाले आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु तथा कामदारहरुको सामाजिक, आर्थिक तथा वातावरणीय भलाई संग सम्वन्धित भएर व्यापार गर्छ र तिनीहरुलाई पन्छाएर अधिकतम नाफा गर्न लाग्ने छैन ।

### परिभाषित व्यापार प्रतिवद्धताहरु
प्रतिवद्धताहरु समयानुकुल पुरा गर्नु जिम्मेवारीपन तथा व्यावसायिकता हुनेछ । स्वच्छ व्यापार उत्पादनका आपूर्तिकताहरुले सहमतीका गुणस्तर तथा विशिष्टताहरु अनुरुपका उत्पादनहरु समयमै आपूर्ति गर्ने सम्झौताहरुको सम्मान गर्नु पर्दछ ।

### भुक्तानी तथा पूर्व वित्त
उत्पादकहरु तथा स्वच्छ व्यापारका आपूर्तिकर्ताहरुको आर्थिक स्थितिलाई महसुश गरी स्वच्छ व्यापारका खरिदकर्ताहरुले आपसी सहमतीको आधारमा वा उत्पादन प्राप्त भएको कागजातको आधारमा भुक्तानी सहजै हुने निश्चित हुनु पर्दछ ।

हस्तकला तथा अन्य गैर खाद्य स्वच्छ व्यापार उत्पादनहरुको लागि अनुरोध भएमा कम से कम ५० प्रतिशत रकम निर्व्याजी अग्रिम भुक्तानी हुनु पर्नेछ ।

यदि अनुरोध भएमा स्वच्छ व्यापार खाद्य उत्पादनको सम्वन्धमा कम से कम ५० प्रतिशत उपयुक्त व्याज दरमा अग्रीम भुक्तानी हुनु पर्नेछ । तर आपूर्ति कर्ताले तिर्ने व्याज दर स्वच्छ व्यापार खाद्य उत्पादन खरिदकर्ताले तेस्रो पक्षसंगको सापटिको व्याज दर भन्दा बढी हुनु हुदैन । व्याज लिने कुरा एउटा बैकल्पिक विषय मात्र हो र व्यापार साझेदारहरुको विचमा सहमती अनुसार निर्णय हुनेछ ।

खरिदकर्ताबाट स्वच्छ व्यापारका आपूर्तिकताले प्राप्त गरेको पूर्व भुक्तानी स्वच्छ व्यापार उत्पादन गर्ने उत्पादकहरु सम्म सो भुक्तानी पुगेको सुनिश्चित गर्नु पर्दछ ।

**रद्दीकरण तथा समस्याहरु समाधान**

खरिदकर्ताले आफ्नो खरिद आदेश रद्द गर्न वा उत्पादन अस्विकार गर्नु भन्दा पहिला स्वच्छ व्यापारका उत्पादक वा आपूर्तिकर्ताहरुसंग परामर्श गर्नु पर्दछ । उत्पादकहरुको कुनै गल्ती विना खरिद आदेश रद्द गर्न वा अल्प समयको सूचनामा उत्पादनको ढाँचा परिवर्तन गरिएमा काम सम्पन्न भई सकेकाको पर्याप्त मुआब्जा सुनिश्चित हुनु पर्दछ । यदि उत्पादन बुझाउने समय, परिमाण तथा गुणस्तर सम्वन्धि समस्या भएमा आपूर्तिकर्ता तथा उत्पादकहरुले खरिदकर्तासंग परामर्श द्वारा सहमति गरी उत्पादनको परिमाण तथा गुणस्तर नमिलेकोमा ढिलो गरी सामान बुझाउन सकिनेछ ।

**दीर्घकालिन व्यापार साझेदारी**

संस्थाले एक्यवद्धता, विश्वास तथा पारस्पारिक आदरको आधारमा दीर्घकालिन सम्वन्ध कायम गर्दछ जसले गर्दा स्वच्छ व्यापारको प्रवर्द्धन तथा बृद्धिमा योगदान पुगेको हुन्छ । यसले व्यापारिक साझेदारहरु बीचको प्रभावकारी सञ्चारलाई निरन्तरता दिनेछ । व्यापारिक सम्वन्धमा रहेका संस्थाहरुले आपसमा व्यापारको परिमाण बृद्धि गर्न चाहेका हुन्छन् र तिनीहरुको उत्पादनको मूल्य तथा विविधताले गर्दा स्वच्छ व्यापारमा अभिबृद्धि भई उत्पादकहरुको आय बृद्धि गर्ने अवसर दिएको हुन्छ ।

**स्वच्छ प्रतिस्पर्धा**

संस्थाले देश भित्र रहेका अन्य स्वच्छ व्यापार संगठनहरुसंग सहयोगात्मक कार्य गर्दछ जसले अनुचित प्रतिस्पर्धालाई पञ्छाउँछ । यसले गर्दा अन्य संस्थाहरुको ढाँचा वा नमूना अनुमति विना प्रतिलिपि तयार गर्ने कार्य हटाउँछ ।

**साँस्कृतिक पहिचान तथा परम्परागत शीपको सम्मान**

स्वच्छ व्यापारले साँस्कृतिक पहिचान तथा परम्परागत शीपहरु प्रतिविम्वित हुने स्वदेशी ढाँचा, खाद्य उत्पादन तथा अन्य सम्वन्धित सेवाहरुको पहिचान, प्रवर्द्धन तथा संरक्षण गर्दछ ।

| क.स. | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|
| ३.१ | **व्यापार सम्झौताहरुः** संस्थाले उत्पादकहरु तथा/वा स्वच्छ व्यापारका उत्पादन आपूर्तिकर्ताहरुसंग सान्दर्भिक तथा उपयुक्त विस्तृत विवरण सहितको लिखित सम्झौताहरु गरिएको हुनु पर्दछ ।<br><br>*उदाहरणः उत्पादन निर्दिष्टीकरण, उत्पादन तयार हुने समय, पूर्व वित्त, मूल्य तथा भुक्तानी शर्तहरु, उत्पादन आदेश रद्दीकरण र समस्या समाधान ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ३.२ | **सम्झौताहरुको सम्मानः** संस्थाले आफ्ना व्यापार सम्झौताहरुको सम्मान गर्नु पर्दछ र समयमै उत्पादन (वा सेवाहरु) निर्धारित गुणस्तर तथा निर्दिष्टीकरण अनुरुप आपूर्ति गर्नु पर्दछ । समस्याहरु भएमा संस्थाले समयमै आफ्ना व्यापार साझेदारहरुसंग कुराकानी गर्नु पर्दछ र आफ्नो कुशलता सुढृत गर्ने कार्य गर्नु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ३.३ | **भुक्तानीः** स्वच्छ व्यापारका उत्पादनहरु खरिद गर्दा विल/कागजातहरु प्राप्त हुन साथ अथवा गुणस्तर परिक्षणको लागि सहमती अनुरुप दिईएको छाटो समयावधि पश्चात भुक्तानी दिनु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ३.४ | **पूर्व वित्तः** स्वच्छ व्यापार उत्पादनहरु खरिद गर्दा संस्थाले अनुरोध गरेमा निम्नानुसार पूर्व वित्त उपलब्ध गराउने छ :<br>● *हस्तकला तथा अन्य गैर खाद्य उत्पादनहरुको लागि ५० प्रतिशत निर्व्याजि पूर्व वित्त ।*<br>● *खाद्य वस्तु उत्पादनको लागि ५० प्रतिशत निर्व्याजि अथवा आफूले प्राप्त गर्ने ऋणको व्याज दर भन्दा नबढ्ने गरी उचित व्याजमा पूर्व वित्त ।*<br>● *अन्यथा, विशेष परिस्थितिहरुमा पूर्व भुक्तानीको सहमती अनुसार हुन सक्छ जस्तो कृषि उत्पादकहरुलाई पूर्व भुक्तानी जुन व्यापार सम्झौतामा वा सम्वन्धित कागजातहरुमा उल्लेख भएको हुन्छ ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ३.५ | **पूर्व भुक्तानीको उपयोगः** यदि संस्थाले आफ्नो स्वच्छ व्यापार खरिदकर्ताहरुबाट पूर्व भुक्तानी पाएको छ भने खरिदकर्ता संग भएको सहमती अनुरुप सो रकम उपयोग हुनु पर्दछ । | **अनिवार्य**<br>पूर्व भुक्तानी प्राप्त गर्ने सबै स्व.व्या. संस्थाहरु |

| | | |
|---|---|---|
| ३.६ | **गुणस्तर समस्या र क्षतिपूर्तिः** स्वच्छ व्यापारका उद्देश्यहरु अनुरुपको सञ्चार प्रणाली, क्षतिपूर्तीको प्रावधान, गुणस्तर समस्या निराकरण व्यवस्था तथा उत्पादन आदेश रद्द प्रकृयाहरु संस्थामा स्वच्छ तथा पारदर्शि प्रणालीबाट भएको हनु पर्दछ । | **२ वर्ष भित्र अनिवार्य**<br>सबै स्व.व्या संस्थाहरु |
| ३.७ | **दीर्घकालिन सम्वन्धः** संस्थाले आफ्ना खरिदकर्ताहरु, उत्पादकहरु तथा स्वच्छ व्यापार उत्पादन आपूर्तिकर्ताहरु संग दीर्घकालिन सम्वन्ध कायम राख्नु पर्दछ जसको अभिप्राय संभव भएसम्म व्यापार अभिबृद्धि गरी उत्पादकहरुलाई हुने फाइदाको निरन्तरता कायम गर्नु हुनेछ । संस्थाले उचित कारण तथा जानकारी विना व्यापारिक सम्वन्ध विच्छेद वा खरिद कार्य बन्द गर्न हुन्दैन । | **अनिवार्य**<br>सबै स्व. व्या. संस्थाहरु |
| ३.८ | **अनुचित प्रतिस्पर्धाः** अन्य स्वच्छ व्यापार संस्थाहरु (वा स्वच्छ व्यापार सञ्जाल वा स्वच्छ व्यापार सहयोगी संस्थाहरु) संग अनुचित प्रतिस्पर्धामा संलग्न हुनु हुन्दैन र बौद्धिक सम्पति एवं नाम, ब्राण्ड, डिजाइन, लोगो, लेवल, आदि लगायत संस्कृतिमा आधारित ढाँचा वा नाम सम्वन्धि अधिकारको सम्मान संस्थाले गर्नु पर्दछ ।<br><br>*जानाजानी प्रतिस्पर्धिलाई कुनै प्रकारले हानी नोक्सानी पुग्ने गरी गरिएको कार्यलाई अनुचित प्रतिस्पर्धा भनि परिभाषित गरिएको छ । उदाहरणः ग्राहकलाई आफु तर्फ आकर्षित गर्न अन्य स्वच्छ व्यापार गर्ने संस्थाहरुको दुश्प्रचार गर्ने, अस्वाभाविक कम मूल्य निर्धारण गरी प्रतिस्पर्धीलाई व्यवसाय संचानल गर्न असमर्थ तुल्याउने ।* | **अनिवार्य**<br>सबै सदस्यलाई |
| ३.९ | **साँस्कृतिक पहिचानः** संस्थाले आफ्नो उत्पादनको विकास, छनौट तथा लेवलिङ गर्दा साँस्कृतिक महत्व लगायत स्थानिय वस्तु तथा शीपको सम्मान गर्नु पर्दछ । संस्थाले उत्पादनहरुमा संभव भएसम्म परम्परागत स्थानिय कौशल, सामग्री तथा बस्तुहरुको उपयोग गर्नु पर्दछ र उत्पादन डिजाइन अद्यावधिक गर्दा पनि ती विषयहरु समेटिएको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै स्व.व्यां संस्थाहरु |
| ३.१० | **उद्गम नीतिः** संस्थाले आफ्नो स्वच्छ व्यापारका उत्पादनको मुख्य अवयव, कच्चा पदार्थ, संरचना वा बनावट बारे थाहा पाउने प्रयास गर्नु पर्दछ । संस्थाले स्वच्छ व्यापार उद्गम नीतिको विकास गर्नु पर्दछ र यसमा संस्थाका कुनै पनि उत्पादन कार्य बाह्य स्रोतबाट आपूर्ति गर्ने विषय पनि समावेश भएको हुनु पर्दछ । यसमा संभव भएसम्म संस्थाको लागि स्वच्छ व्यापार स्रोतबाट कच्चा पदार्थ/अवयव/संरचना खरिद लक्ष्य भएको हुनु पर्दछ अन्यथा मुख्यतया दिगो वा नैतिक आपूर्ति श्रृंखलाबाट हुन पर्दछ । | **निरन्तर सुधार**<br>सबै स्व.व्यां संस्थाहरु |

| | | |
|---|---|---|
| | *थप निर्देशनको लागि अध्याय ५: उद्गम नीति हेर्नु होस् ।* | |

**सिद्धान्त ४ उचित भुक्तानी**

उचित भुक्तानी भनेको सबै पक्षको सहभागीता र निरन्तरको सम्वादबाट आपसी छलफल तथा सहमतीले उत्पादकहरुलाई दिइने भुक्तनी हो जसले बजार मूल्य धानेको तथा महिला र पुरुषलाई समान भुक्तानीको सिद्धान्तलाई अंगालेको हुन्छ। लक्ष्य सधै स्थानीय जीवनयापनको लागि पुग्ने ज्याला भुक्तानी गर्ने हो ।

उचित भुक्तानी भनेकै उचित मूल्य, उचित ज्याला तथा स्थानीय जीवनयापनको लागि पुग्ने ज्याला हो ।

**उचित मूल्यः**
खरिद कर्ता तथा बिकेता बीच वार्ताबाट निर्धारित स्वतन्त्र सहमतीको मूल्य नै उचित मूल्य हो र यो पारदर्शि आधारमा निर्धारण गरिएको हुन्छ । यसमा उचित ज्याला तथा उचित नाफा समावेश भएको हुन्छ । उचित मूल्यले आपूर्ति श्रृंखलाका सबै सहभागीहरुको अन्तिम मूल्यको समान हिस्साको प्रतिनिधित्व गर्दछ।

**उचित ज्यालाः**
समान, स्वतन्त्र सम्वाद तथा आपसी सहमतीमा निर्धारित ज्याला नै उचित ज्याला हो र यो कम्तिमा स्थानीय जीवनयापनको लागि पुग्ने ज्याला भुक्तानी हुने अनुमान गरिएको हुन्छ।

**स्थानीय जीवनयापन ज्यालाः**
कुनै विषेश स्थानका कामदारले हप्तामा निर्धारित कार्यावधि (अधिकतम ४८ घण्टा) कार्य गरे वापत पाउने पारिश्रमिकलाई स्थानीय जीवनयापन ज्याला भनिन्छ जसबाट कामदार र उसको परिवारलाई सम्मानजनक स्तरको जीवनयापन गर्न पर्याप्त हुन्छ। यसमा सम्मानजनक जीवनस्तर कायम गर्न आवश्यक भोजन, पानी, आवास, शिक्षा, स्वास्थ्य हेरचाह, यातायात, कपडा तथा अन्य अत्यावश्यक आवश्यकताहरु लगायत अप्रत्याशित घटनाहरु व्यवस्थापनको प्रावधान समेत समावेश भएको हुन्छ।

| क.स. | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|

| | | |
|---|---|---|
| ४.१ | **स्थानीय जीवनयापन ज्यालाः** संस्थाले आफ्नो व्यापारले संगालेका इलाकाहरु तथा क्षेत्रहरुमा अनुमानित जीवनयापन ज्याला, न्यूनतम ज्याला तथा वैकल्पिक रोजगारीका अवसरहरुको बारेमा सूचना संकलन गर्नु पर्दछ र विश्व स्वच्छ व्यापार संगठनले उपलव्ध गराएको स्थानीय जीवनयापन ज्याला निर्धारण उपकरण उपयोगमा प्रयुक्त हुन पर्दछ । संस्थामा "स्थानीय सन्दर्भमा उचित भुक्तानी टिप्पणीहरु" को लागि प्रासंगिक पृष्ठभूमिका जानकारी उपलव्ध हुनु पर्दछ ।<br><br>*जीवनयापन ज्याला अनुमान जस्ता कार्यको सहयोगको लागि विश्व स्वच्छ व्यापार संगठनले उपकरणहरु तथा निर्देशिकाहरु उपलव्ध गराएको हुन्छ । स्थानीय जीवनस्तर ज्याला निर्धारण उपकरण अद्यावधिक गर्नुका साथै संस्थाका कामदारहरु, उत्पादकहरु तथा सहयोगीहरुलाई जानकारी दिई ज्याला तथा मूल्य निर्धारणमा स्थानीय वास्तविकतालाई ध्यानमा राखि सहमतीको आधार बनाउन पर्दछ ।* | **२ वर्ष भित्र अनिवार्य**<br>सबै स्व.व्या संस्थाहरु |
| ४.२ | **उत्पादन लागत निर्धारणः** संस्थामा आफ्नो उत्पादनको लागत निर्धारणका आधारहरु तथा प्रकृया अद्यावधिक राख्नु पर्दछ ।<br><br>*थप निर्देशन सहयोगको लागि "P4 GUIDE: Product Costings" हेर्नु होला ।* | **४ वर्ष भित्र अनिवार्य**<br>सबै स्व.व्या संस्थाहरु |
| ४.३ | **उपभोक्ता मूल्यको उचित जानकारीः** संस्थाले आफ्नो उत्पादनहरु उपभोक्ताहरुलाई कुन मूल्यमा बेचियो भने थाहा हुनु पर्दछ र यसको जानकारी आपूर्ति श्रृंखलामा पनि हुनु पर्दछ । यसबारेमा आफ्ना व्यापार साझेदारहरुमा सूचना प्रवाह गर्नु पर्दछ । | **४ वर्ष भित्र अनिवार्य**<br>सबै स्व.व्या संस्थाहरु |
| ४.४ | **स्वच्छ सहमती प्रकृयाः** संस्थाले कामदार प्रतिनिधिहरु तथा व्यवस्थापन बीच हुने ज्याला निर्धारण सम्बन्धि नियमित वार्ता/सहमतीका तालिका तथा कागजातहरु तयार गर्नुको पर्दछ । यस्तै आफ्ना उत्पादकहरु, स्वच्छ व्यापार उत्पादनका आपूर्तिकर्ता तथा केताहरुसंगको मूल्य सहमतीका तालिका तथा कागजातहरु पनि तयार गर्नु पर्दछ ।<br>*थप निर्देशन तथा जानकारीको लागि 'P4 GUIDE: Negotiation & Dialogue, र "P4 GUIDE: Meetings and Minutes" हेर्नु होला । सदस्यहरु आफ्ना साझेदारहरुसंग मूल्यका विषयमा नियमित छलफलमा रहेको प्रमाणित गर्नु नै यसको उद्देश्य हो ।* | **२ वर्ष भित्र अनिवार्य**<br>सबै सदस्यहरु |
| ४.५ | **सूचना र प्रशिक्षणः** उचित भुक्तानि विषयमा वार्ता गर्ने साझेदारहरु सबैमा ज्याला तथा मूल्य निर्धारण दुबै विषयमा पर्याप्त सूचना तथा जानकारी भएको प्रत्याभूत गर्नु पर्दछ । यसको लक्ष्य असल नियत तथा विश्वास र आस्थाको उद्देश्यले वार्ता गर्नु हो । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |

| | | |
|---|---|---|
| ४.६ | **न्यूनतम ज्याला:** संस्थाले कामदारहरुलाई कम्तिमा कानूनले निर्धारण गरेको न्यूनतम ज्याला भुक्तान गरिएको हुनु पर्दछ ।<br><br>*यदि संस्थाको ज्याला विश्लेषणबाट कानूनले निर्धारण गरेको न्यूनतम ज्याला भुक्तान गरिएको छैन भने यसलाई उच्च प्राथमिकताका साथ सम्वोधन गरी स्थानीय जीवनयापन ज्याला तर्फ अग्रसर हुनु पर्दछ ।* | **२ वर्ष भित्र अनिवार्य**<br>सबै सदस्यहरु |
| ४.७ | **स्थानीय जीवनयापन ज्याला:** संस्थाले आफ्ना कामदारहरुलाई स्थानीय जीवनयापन ज्याला भुक्तान गर्नु पर्दछ ।<br><br>*स्वच्छ व्यापार संस्थाहरुले स्थानीय जीवनयापन ज्याला भुक्तान गरेको छैन भने यसको र भुक्तान गरिएको ज्याला बीचको फासला विश्लेषण गरी यसको भुक्तानी तर्फको योजना तथा व्यावहारिक समय तालिका र लक्ष्य तयार गर्नु पर्दछ ।*<br>*(विश्व स्वच्छ व्यापार संगठन सुधार योजनामा तिनीहरु समावेश गर्नु पर्दछ)* | **निरन्तर सुधार**<br>सबै स्व.व्या संस्थाहरु |
| ४.८ | **उत्पादकहरुको लागि उचित मूल्य:** संस्थाका उत्पादकहरुले उचित मूल्य प्राप्त गर्दछ र त्यसबाट हुने आय आर्जनले तिनीहरु स्थानीय जीवनयापन ज्याला तहको आम्दानी गर्नमा सहयोग पुग्ने छ ।<br><br>*जीवनयापन ज्याला हिसाव गर्दा उत्पादकहरुले स्वच्छ व्यापार उत्पादनमा व्यतित गरिने तिनीहरुको समय विचार गर्नुको साथै अन्य घरायसी आम्दानी पनि समावेश गर्न सकिन्छ ।*<br>*स्वच्छ व्यापार संस्थाहरुले उत्पादकहरुलाई उचित मूल्य भुक्तान गरेको छैन भने यसको र भुक्तान गरिएको मूल्य बीचको फासला विश्लेषण गरी यसको भुक्तानी तर्फको योजना तथा व्यावहारिक समय तालिका र लक्ष्य तयार गर्नु पर्दछ ।*<br><br>*(विश्व स्वच्छ व्यापार संगठन सुधार योजनामा तिनीहरु समावेश गर्नु पर्दछ)* | **निरन्तर सुधार**<br>सबै स्व.व्या संस्थाहरु |
| ४.९ | **स्वच्छ व्यापार उत्पादनको आपूर्तिकर्ताहरुलाई उचित मूल्य:** यदि संस्थाले स्वच्छ व्यापार उत्पादन आपूर्तिकर्ताहरु (IMS- आपूर्तिकर्ताहरु वा बाह्य रुपमा प्रमाणित स्वच्छ व्यापार उत्पादन आपूर्तिकर्ताहरु) बाट खरिद गरिएको भए तिनीहरुलाई उचित मूल्य भुक्तानी दिनु पर्दछ । | **निरन्तर सुधार**<br>स्व. व्या. उत्पादन आपूर्तिकर्ताबाट खरिद गर्ने सबै सदस्यहरु |

**सिद्धान्त ५ बालश्रम तथा बाध्यत्मक श्रम नभएको सुनिश्चित**

**बालश्रम**

संस्थाले संयुक्त राष्ट्र संघ सम्मेलनबाट पारित बाल अधिकार तथा राष्ट्रिय वा स्थानीय कानूनमा भएको बाल रोजगार व्यवस्थालाई पालना गर्दछ । संस्थाहरुले आफुले खरिद गर्ने स्वच्छ व्यापारका उत्पादनहरुको उत्पादक/उत्पादक समूहहरुबाट संयुक्त राष्ट्र संघ सम्मेलनबाट पारित बाल अधिकार तथा राष्ट्रिय वा स्थानीय कानूनमा भएको बाल रोजगार सम्वन्धि व्यवस्थालाई पालना गरिरहेको सुनिश्चित गर्दछ । यस्तै स्वच्छ व्यापार कम्पनीहरुले पनि यो विषय सुनिश्चित गरिएको हुन्छ । स्वच्छ व्यापार उत्पादनमा बाल बालिकाको संलग्नता (परम्परागत कला वा शिल्पको ज्ञान आर्जन गर्न समेत) को विषयमा सधै अनुगमन वा निगरानी गरिएको हुन्छ र बाल बालिकाको उत्पादन कार्यमा भएको संलग्ताबाट तिनीहरुको समुन्नती, सुरक्षा, शैक्षिक आवश्यकता तथा खेल्ने अवसरमा प्रतिकूल प्रभाव परेको हुनु हुदैन ।

**बाध्यात्मक श्रम तथा मानव तस्करी**

आफ्नो कार्यबल र उत्पादकहरु, उत्पादक समूहहरु वा घरमा बसि काम गर्नेहरुमा कुनै पनि बाध्यात्मक श्रम र अथवा मावन तस्करीका श्रम छैन भने कुरा संस्था सुनिश्चित हुनु पर्दछ ।

| क.स. | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|
| ५.१ | **बालबालिकालाई रोजगारी नदिनेः** संस्थाले १५ वर्ष भन्दा कम उमेरका वा स्थानीय कानूनबाट परिभाषित बाल बालिकालाई कामदारको रुपमा रोजगारी दिन पाइने छैन । उमेर १५ वर्ष वा स्थानिय कानूनबाट बालबालिका भनि तोकिएको उमेर मध्ये जुन बढी हुन्छ त्यसलाई मान्नु पर्दछ ।<br><br>*विशेष परिस्थितिमा जस्तो विद्यालय विदाका समयमा कामको अनुभव प्राप्तिको लागि तथा देशको कानूनले बालबालिकालाई काम लगाउन अनुमति प्राप्त भई काममा लगाएमा संस्थाले अनिवार्य रुपमा बाल अधिकार सम्वन्धि संयुक्त राष्ट्र संघ सम्मेलनबाट पारित बाल अधिकार अनुरुप तिनीहरुको समुन्नती, सुरक्षा, शैक्षिक आवश्यकता तथा खेल्ने अवसरमा प्रतिकूल प्रभाव परेको वा नपरेको विषयमा अनुगमण गर्नु पर्दछ ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ५.२ | **युवा कामदारहरुको संरक्षणः** यदि युवा कामदारहरु (१५ देखि १७ वर्ष उमेरका) काममा लगाएको भए संस्थाले देशको विद्यमान नियम कानून अनुसार तिनीहरुको काम गर्ने अवस्था अनूकुल भएको सुनिश्चित गर्नु पर्नेछ । उमेर १८ वर्ष भन्दा कमका | **अनिवार्य**<br>सबै सदस्यहरु |

Address
WFTO World Fair Trade Organization,
Godfried Bomansstraat 8-3,
4103 WR Culemborg, The Netherlands

Phone | Email | Online
Phone: +31(0) 345 53 6487
Email: info@wfto.com
Website: www.WFTO.com

| | | |
|---|---|---|
| | कामदारहरुलाई कुनै पनि काममा लगाउँदा तिनीहरुको स्वास्थ्य, सुरक्षा, नैतिक वा विद्यालय उपस्थिति आदिमा प्रतिकूल असर नपर्ने कुराको सुनिश्चित गर्नु पर्दछ ।<br><br>*संभावित हानिकारक कामको उदाहरणको रुपमा अस्वस्थ वातावरण, धेरैजसो लामो कार्य समय, रात्री समय, हानीकारक रसायनको संचालन वा यसबाट प्रभावित हुने वा खतरनाक उपकरणको संचालन आदि लाई लिन सकिन्छ ।* | |
| ५.३ | **उत्पादनमा बाल बालिकाको प्रयोगमा उत्पादकहरुको संलग्नताः** संस्थाले आफ्नो उत्पादन प्रकृयामा बाल बालिकाको संलग्नताको जोखिम बारे अनुगमन गर्नु पर्दछ र आफ्ना उत्पादकहरु/घरमा बसि काम गर्ने कामदारहरुका काममा निम्न कुराहरु भएको सुनिश्चित हुनु पर्दछः<br>• यदि उनीहरुले आफ्ना छोरा छोरीहरु (१५ वर्ष भन्दा कम उमेरका) लाई उत्पादन कार्यमा लगाइएको भए न्यूनतम रुपमा मात्र काम गराइने छ र यो कदापि खतरना हुने छैन साथै विद्यालय जानेमा हस्तक्षेप हुने छैन ।<br>• परिवारका वा अन्य युवा (१५ देखि १७ वर्ष उमेर) लाई खतराजनक वा शोषणयुक्त काममा लगाइने छैन ।<br>• उत्पादकहरुले कामदारको रुपमा बालबालिकाहरु (१५ वर्ष भन्दा कम उमेरका) लिने सम्झौता गरिने छैन ।<br><br>*निश्चित सिमा भित्र १५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई आफ्नो अविभावकले गर्ने उत्पादन कार्यमा लगाउन सकिने छ । यसबाट तिनीहरुको बिद्यालय जाने कार्यमा बाधा हुने छैन र उनीहरुलाई बिद्यालय समय बाहेक वा विदाको समयमा मात्र काममा लगाइ बिद्यालयको गृहकार्य गर्ने तथा खेल्ने पर्याप्त समय दिनु पर्दछ । यस्तै ती कार्यहरु तिनीहरुको उमेर तथा शारिरीक अवस्था सुहाउँदो हुनु पर्दछ । अविभावकाले तिनीहरुको सुपरिवेक्षण गर्नु पर्दछ र तिनीहरुलाई लामो समय काममा लगाउन नहुने वा खतरायुक्त वा शोषणयुक्त अवस्थामा काम गर्न दिनु हुन्दैन । उमेर १३ वर्ष भन्दा कमका बालबालिकाको उत्पादन कार्यमा ज्यादै न्यूनतम मात्र संलग्नता भए हुनु पर्दछ ।* | **२ वर्ष भित्र अनिवार्य**<br>सबै स्व.व्या संस्थाहरु वा घरमै काम गर्ने कामदाहरु |
| ५.४ | **बाध्यात्मक श्रम तथा मानव तस्करका श्रम नभएकोः** संस्थाले र यसका उत्पादकहरुले कामदारहरुको स्वतन्त्र आन्दोलन वा रोजगारीलाई निषेध गर्न हुन्दै र मानव तस्कर कार्यमा संलग्न भएको हुनु हुन्दैन । | **अनिवार्य**<br>सबै सदस्यहरु |

| | | |
|---|---|---|
| | *कहिलेकाही राम्रो आशयका कार्यहरुबाट पनि अनावश्य रुपमा निर्भरता हुने वा स्वतन्त्रता कुण्ठित हुन जान सक्छ जस्तो ऋण उपलव्ध गराउने योजनाबाट उत्पादकहरु/कामदारहरु लामो समयसम्म ऋणी भई रहन सक्ने, कामदारहरुको सक्कली परिचय संस्थामा राख्ने, आदि ।* | |

**सिद्धान्त ६  भेदभाव रहित, लैङ्गिक समानता र महिलाहरुको आर्थिक सशक्तिकरण तथा स्वतन्त्रता पूर्वक संगठित हुन पाउने प्रति प्रतिवद्ध हुने ।**

**भेदभाव रहित तथा समान भुक्तानी**

संस्थाले भर्ना, पारिश्रमिक, प्रशिक्षणको अवसर, पदोन्नति, अवकाश वा निष्काशन, आदिमा जात, जाति, वर्ण, धर्म, क्षेत्र, लिङ्ग, अपाङ्गता, यौन अभिविन्यास, वर्गीय संगठनको सदस्यता, राजनीतिक सम्बद्धता, एच आई भि/एड्स् स्थिति वा उमेर आदिको आधारमा कुनै भेदभाव गर्नु हुदैन ।

संस्थामा महिलाहरु कार्यरत भएमा तिनीहरु सबैले समान कामको लागि समान भुक्तानी पाउनु पर्दछ । यस्तै अनौपचारिक क्षेत्रको रोजगारीमा समेत समान कामको लागि समान भुक्तानी पाउनु पर्दछ । संस्थाले महिलाको रोजगारी अधिकार पहिचान गरी तिनीहरुले रोजगारीबाट हुने सबै बैधानिक सुविधा प्राप्त भएको सुनिश्चित गर्न प्रतिवद्ध भएको हुनु पर्दछ । यस्तै गर्भवती महिला तथा स्तनपान गराउने आमाहरुको लागि विशेष ध्यान दिई तिनीहरुको स्वास्थ्य तथा सुरक्षाको उपयुक्त व्यवस्था संस्थाले गर्नु पर्दछ ।

**लैङ्गिक समता**

संस्थाको लैङ्गिक समानताको प्रवर्द्धन गर्ने स्पष्ट नीति तथा योजना हुनु पर्दछ जसमा महिला तथा पुरुष दुबै स्रोतहरुको पहुँचमा सक्षम भएको स्पष्ट हुनु पर्दछ । तिनीहरु उत्पादनशील हुनुको साथै व्यापक रुपमा नीति, नियमहरु तथा संस्थागत वातावरणमा प्रभाव पार्ने सक्षम हुन्छ जसले गर्दा तिनीहरुको जीवनशैली तथा जीवनको आकार बनाएको हुन्छ । विधान तथा नियमावलीहरुबाट महिलाहरुलाई आफ्नो अधिकारको आधारमा संस्थाको सक्रिय सदस्य हुन सक्षम बनाएको तथा अनुमति दिएको हुन्छ (सदस्यतामा आधारित संस्थाहरुमा) । यसबाट जग्गा तथा सम्पतिको स्वामित्व स्थितिलाई सम्वन्धित नगराईकन महिलाहरुले प्रशासन संरचनामा नेतृत्वको पद सम्हाल्न सकिन्छ ।

**संगठन स्वतन्त्रता**

संस्थाले कामदारहरुको हक अधिकारको सम्मान गर्दछ । तिनीहरु स्वतन्त्र रुपले आफ्नो इच्छा अनुसार वर्गीय संगठन गठन तथा सदस्य हुन पाउने छन र यसबाट सामूहिक सम्झौताका कार्यहरु गर्न सकिनेछ । कानून वा राजनीतिक वातावरणले वर्गीय संगठनमा आवद्ध हुने तथा सामूहिक सम्झौताका कार्य गर्ने व्यवस्था निषेध गरिएको अवस्थामा संस्था कामदारहरुको लागि स्वतन्त्रता र स्वतन्त्र संगठन तथा सामुहिक सम्झौताको लागि माध्यमको रुपमा सक्षम भएको हुनेछ । कार्यक्षेत्रमा कामदारहरु प्रतिनिधि भएका कारण कुनै भेदभाव नहुने कुरा संस्थाले सुनिश्चित तुल्याउनु पर्दछ ।

| क.स. | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|
| ६.१ | **भेदभाव रहितः** संस्थाले भर्ना, पारिश्रमिक, प्रशिक्षणको अवसर, पदोन्नति, अवकाश वा निष्काशन, आदिमा जात, जाति, वर्ण, धर्म, क्षेत्र, लिङ्ग, अपाङ्गता, यौन अभिविन्यास, वर्गीय संगठनको सदस्यता, राजनीतिक सम्बद्धता, एच आई भि/एड्स् स्थिति वा उमेर आदिको आधारमा कुनै भेदभाव गर्नु हुदैन । तर संस्थाको ध्येयमा उल्लेख भए अनुसार कुनै पिछडिएको वा सीमान्तकृत समूहलाई प्राथमिकतामा राख्न सकिन्छ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.२ | **महिला/पुरुष समान भुक्तानीः** संस्थाले महिला र पुरुष दुबैलाई समान कामको समान भुक्तानी र रोजगारमा समान अधिकार तथा समान लाभ उपलब्ध गराउनु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.३ | **उत्पादकहरु/आपूर्तिकर्ताको स्वच्छ छनौटः** उत्पादकहरु/आपूर्तिकर्ताको छनौट गर्दा संस्थाले कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।<br><br>*संस्थाको ध्येयमा व्यवस्था भए अनुरुप कुनै पिछडिएको वा सीमान्तकृत महिला समूह प्राथमिकतामा छनौट गरिएमा त्यसलाई भेदभाव गरिएको मानिने छैन ।* | **अनिवार्य**<br>सबै स्व.व्या. संस्थाहरु |
| ६.४ | **लैङ्गिक नीतिः** संस्थाको नीति तथा योजनामा महिला तथा पुरुष दुबै उत्पादनको लागि आवश्यक स्रोतहरुको पहुँचमा सक्षम भएको हुनु पर्दछ र संस्थाको निर्णय प्रकृयामा सहभागी हुनुको साथै नेतृत्व तहको कार्यभार सम्हाल्न सक्ने हुनु पर्दछ ।<br><br>*संस्थाको लैङ्गिक नीति अद्यावधिक गर्न मार्गदर्शनको लागि विश्व स्वच्छ व्यापार संगठनको लैङ्गिक नीति हेर्नु होला ।* | **२ वर्ष भित्र अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.५ | **महिला सशक्तिकरणः** संस्थाले महिलालाई आफ्नो संस्थाको सदस्य बन्न, उत्पादक हुन वा प्रशिक्षणमा सहभागी हुन अधिकार तथा सहयोग दिनु पर्दछ । जग्गा वा उपकरणमा आफ्नो स्वामित्व नभए पनि उत्पादनमा तिनीहरुको योगदानको कदर गर्नु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.६ | **संस्थामा हिंसा/यौन उत्पीडनः** संस्थामा सक्षम प्रणालीबाट हिंसा, यौन उत्पीडन वा | **अनिवार्य** |

| | | |
|---|---|---|
| | दुराचार जस्ता कार्यको विश्वसनीय उजुरीको व्यवस्था हुनु पर्दछ र उक्त उजुरीको अनुगमन हुनुको साथै यस्ता घटनाको समस्या समाधान भएको हुनु पर्दछ । | सबै सदस्यहरु |
| ६.७ | **समुदायमा महिलाको स्थिति:** संस्थाले महिलाहरुलाई समुदायमा आफ्नो पहिचान तथा परिचित बनाउन उत्साहित तुल्याउने र सहयोग गर्ने गर्नु पर्दछ । यसको लागि महिलाहरुलाई औपचारिक रुपमा उत्पादकहरुको समूह बनाउन सहयोग वा उत्साहित गर्नु पर्दछ । यस्तै तिनीहरुलाई समुदायमा महिलाहरु माथि हुने हिंसा विरुद्धको कार्यमा संलग्न गराई दिनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| ६.८ | **काम र परिवार**: संस्थाले कामदारहरुलाई परिवार तथा कामको कर्तव्यहरुको समायोजन गर्न सहयोग गर्नु पर्दछ ।<br><br>*उदाहरण: कामको लचिलो समय तालिका, स्तनपानको समय व्यवस्था, विरामी बच्चाको स्याहारको लागि लचिलो हुने, आदि ।* | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| ६.९ | **गर्भवती महिला तथा नयाँ आमाहरु:** संस्थाले गर्भवती महिला तथा नयाँ आमाहरुको लागि सबै कानूनी आधारहरुको सम्मान गर्नु पर्दछ ।<br>*उदाहरण: गर्भवती महिलालाई खारेज गर्न सकिन्दैन, कानून अनुसारको सुत्केरी विदा, सुत्केरी पूर्व र पश्चातको अवधिमा महिलाहरुलाई सुरक्षित कामको व्यवस्था, गर्भवती महिलाको स्वास्थ्य र सुरक्षा ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.१० | **संगठनको स्वतन्त्रता:** संस्थाले सबै कामदारहरुको हक अधिकारको सम्मान गरी स्वतन्त्र रुपले आफ्नो इच्छा अनुसार वर्गीय संगठन गठन तथा सदस्य हुन पाउने छन र यसबाट सामूहिक सौदा कार्य गर्न सकिनेछ ।<br><br>*कानून वा राजनीतिक वातावरणले वर्गीय संगठनमा आवद्ध हुने तथा सामूहिक सौदाको व्यवस्था निषेध गरिएको अवस्थामा संस्थाले वैकल्पिक माध्यमको रुपमा स्वतन्त्र संगठन तथा सम्झौताको लागि सहयोग गर्नु पर्दछ ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.११ | **महिला संगठनलाई समर्थन:** संस्थाले आफ्ना कामदारहरु, उत्पादकहरु तथा घरमै काम गर्ने उत्पादकहरु बिच संगठित हुन, भेला हुन तथा समस्याहरुको विषयमा आपसमा तथा व्यवस्थापनसंग छलफल गर्न सहयोग तथा उत्साहित गर्नु पर्दछ । | **निरन्तर सुधार**<br>५० जना भन्दा बढी कामदार वा उत्पादकहरु भएका स्व. व्या. संस्थाहरु |

**सिद्धान्त ७  राम्रो काम गर्ने अवस्था सुनिश्चित गर्ने**

**काममा स्वास्थ्य र सुरक्षा**

संस्थाले आफ्ना कामदारहरु तथा उत्पादकहरुलाई सुरक्षित र स्वस्थ्य काम गर्ने वातावरण उपलब्ध गरेको हुन्छ । यसले स्वास्थ्य र सुरक्षा सम्वन्धि राष्ट्रिय तथा स्थानीय कानूनको साथै अन्तर्राष्ट्रिय श्रम संगठनका सम्मेलनबाट पारित व्यवस्थालाई पालना गराउने छ ।

**काम गर्ने समय र अवस्था**

कामदारहरु तथा उत्पादकहरु (घरमै काम गर्ने समेत) को काम गर्ने समय र अवस्था राष्ट्रिय तथा स्थानीय कानूनको साथै अन्तर्राष्ट्रिय श्रम संगठनका सम्मेलनबाट पारित व्यवस्थामा उल्लेख भए अनुरुप स्थापित गराउने छ ।

**उत्पादकहरु तथा आपूर्तिकर्ताहरुको सुरक्षित काम गर्ने अवस्था**

स्वच्छ व्यापार संगठनहरु आफूले उत्पादन खरिद गर्ने उत्पादक समूहहरुमा काम गर्नेहरुको स्वास्थ्य तथा सुरक्षा अवस्थाहरुको बारेमा सजग भएको हुन्छ । तिनीहरु आफ्ना उत्पादक समूहहरुमा स्वास्थ्य र सुरक्षा समस्याहरु बारे सजगता बढाउन निरन्तर लागि रहिरहेको हुनुको साथै ती अवस्थाहरुको सुधारको अभ्यास भएको चाहन्छ ।

| क.सं | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|
| ७.१ | **स्वास्थ्य र सुरक्षा जोखिम मूल्यांकन र व्यवस्थापन:** संस्थाले आफ्ना कार्य संचालनमा स्वास्थ्य र सुरक्षा जोखिम सम्वन्धी तथ्याङ्क अद्यावधिक गरिएको हुनु पर्दछ । दुर्घटना वा कामसंग सम्वन्धित स्वास्थ्य समस्याहरुको अभिलेख राख्नुको साथै सबै घटनाहरुको विश्लेषण गर्नु पर्दछ । यस्तै स्थिति सुधारको लागि आवश्यक सुधारात्मक कार्य गरेको हुनु पर्दछ । | **२ वर्ष भित्र अनिवार्य** सबै स्व. व्यां.संस्थाहरु |
| ७.२ | **स्वास्थ्य र सुरक्षा प्रशिक्षण तथा कामदारहरुको संलग्नता:** संस्थाले आफ्ना कामदारहरुलाई स्वास्थ्य र सुरक्षामा प्रशिक्षित गरी तिनीहरुलाई आफ्ना कार्यस्थलहरुमा हुने यस सम्वन्धि जोखिमको पहिचान तथा सम्वोधन गर्ने कार्यमा संलग्न गराउनु पर्दछ | **२ वर्ष भित्र अनिवार्य** सबै सदस्यहरु |

| | | |
|---|---|---|
| | । | |
| ७.३ | **सुरक्षित अवस्थाहरुः** संस्थाले आफ्ना कामदारहरुलाई सुरक्षित काम गर्ने अवस्था उपलब्ध गराउन पर्दछ । यसको साथै दुर्घटना जोखिम वा रसायनको सुरक्षित व्यवस्थापन सहित स्वास्थ्य समस्या तथा अन्य उच्च जोखिमका कार्यकलापहरु न्यूनिकरण गर्नु पर्दछ । यस्तै सुरक्षित भवन वा कार्यस्थल तथा आपतकालिन प्रकृयाहरु, पर्याप्त अग्नि नियन्त्रण व्यवस्थाहरु, प्राथमिक उपचार, आदिको व्यवस्थापन हुनु पर्दछ । | **२ वर्ष भित्र अनिवार्य** सबै सदस्यहरु |
| ७.४ | **उत्पादकहरुको स्वास्थ्य र सुरक्षा आचरणः** संस्थाले आफ्ना उत्पादकहरु/घरमा रहि काम गर्ने कामदारहरुको स्वास्थ्य र सुरक्षा जोखिमको अनुगमन गर्नु पर्दछ । यस्तै आफ्ना उत्पादकहरु/घरमा रहि काम गर्ने कामदारहरुमा सुरक्षा जोखिम बारे जागरुक भएको सुनिश्चितता, दुर्घटना रोकथाम तथा तिनीहरुले आफैको लागि, परिवारहरु तथा कामदारहरुको लागि स्वास्थ्य जोखिम न्यूनिकरण, आदि कार्यहरु गरेको हुनु पर्दछ । | **निरन्तर सुधार** स्व.व्या संस्थाहरु उत्पादकहरु वा घरमा काम गर्ने उत्पादकहरु |
| ७.५ | **काम गर्ने समयः** संस्थाले काम गर्ने समयको अभिलेख राख्नु पर्दछ । काम गर्ने समय, अतिरिक्त कार्य समय (ओभरटाइम), बैधानिक विदाहरु तथा वार्षिक विदाहरु राष्ट्रिय कानूनसंग मिलाउनु पर्दछ । | **२ वर्ष भित्र अनिवार्य** सबै सदस्यहरु |
| ७.६ | **न्यूनतम सामाजिक सुरक्षाः** संस्थाले आफ्ना कामदारहरुलाई कानूनी रुपमा आवश्यक सबै सामाजिक सुविधाहरु जस्तै सेवानिवृति सुविधाहरु, विरामी विदा, आधारभूत सामाजिक सुरक्षा, स्वास्थ्य हेरचाह, आदि उपलब्ध गराउनु पर्दछ । | **अनिवार्य** सबै सदस्यहरु |
| ७.७ | **थप सामाजिक सुरक्षाः** संस्थाले आफ्ना कामदारहरुलाई कानूनी दायित्व बाहेक थप सामाजिक सुरक्षा तथा सुविधाहरु उपलब्ध गराउने प्रयास भएको हुन पर्दछ जस्तै स्वास्थ्य विमा तथा चिकित्सा सहायता, सेवानिवृति योजनाहरु, अपाङ्गतामा वा कमाउ व्यक्तिको मृत्यू भएमा सामाजिक सुरक्षा, आदि । | **निरन्तर सुधार** सबै सदस्यहरु |
| ७.८ | **कामदारहरुलाई भुक्तानीः** संस्थाले कानून बमोजिम कामदारहरुको सुविधालाई ध्यानमा राखि तालिका तयार गरी त्यस अनुरुप भुक्तानी गर्नु पर्दछ र भुक्तानी पर्ची अभिलेखमा राख्नु पर्दछ । | **अनिवार्य** सबै सदस्यहरु |
| ७.९ | **नियमित रोजगारीः** संस्थाले नियमित तथा अस्थायी कामदारहरुको अनुपात निगरानी गरि राख्नु पर्दछ । संस्थाले नियमित रोजगारी दिने प्रयासहरु हुनु पर्दछ र कामदारहरुको सामाजिक सुरक्षा सुविधाको दायित्वबाट जोगिन करारमा वा प्रशिक्षार्थीहरुको रुपमा रोजगारी दिनु हुदैन । | **निरन्तर सुधार** सबै स्व.व्या संस्थाहरु |

**सिद्धान्त ८ सक्षमता अभिबृद्धि प्रदान गर्ने**

संस्थाले स्वच्छ व्यापार मार्फत आर्थिक हिसावले सीमान्तकृत उत्पादकहरु तथा कामदारहरुमा विकासका सकारात्मक प्रभावहरु बृद्धि गर्न चाहेको हुन्छ ।

संस्थाले आफ्ना कामदारहरु तथा उत्पादकहरु/उत्पादक समूहहरुको कौशल तथा क्षमताको विकास गरेको हुन्छ । संस्थाले ती उत्पादकहरुसंग प्रत्यक्ष रुपमा कार्यहरु गरी तिनीहरुलाई सहयोग हुने विशेष कार्यकलापहरुको विकास गरेको हुन्छ जसले गर्दा तिनीहरुको व्यवस्थापन कौशल, उत्पादन क्षमता तथा बजार पहँचमा सुधार भएको हुन्छ । यस्तो कार्य उपयुक्तताको आधारमा स्थानीय/क्षेत्रीय/अन्तर्राष्ट्रिय/स्वच्छ व्यापार तथा मूलधारमा गरेको हुन्छ ।

संस्थाले आफुले खरिद गर्ने उत्पादनका स्वच्छ व्यापार आपूर्तिकर्ताहरुलाई तिनीहरुको आर्थिक रुपले सीमान्तकृत उत्पादकहरुलाई क्षमता विकासको लागि सघाएको हुन्छ ।

| क.स. | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|
| ८.१ | **प्रशिक्षण योजनाः** संस्थाको आफ्नो र आफ्ना कामदारहरु तथा उत्पादक/उत्पादक समूहहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धिका योजना भएको हुनु पर्दछ । संस्थाले आफ्ना उत्पादकहरु/उत्पादक समूहहरुको आवश्यकता अनुसार सम्वन्धितहरुको स्तर अनुरुप क्षमता सुधारको लक्ष्य राखेको हुनु पर्दछ । प्रशिक्षण योजनामा सम्वन्धित स्तरका आवश्यकता अनुरुप कम्तिमा पनि निम्नलिखित कुराहरु समावेश भएको हुनु पर्दछ :<br>● उत्पादन, व्यवस्थापन तथा व्यावसायिक कौशल सुधार (सिद्धान्त ८)<br>● स्वच्छ मूल्य तथा ज्याला निर्धारणको लागि आधारभूत जानकारी (सिद्धान्त ४)<br>● लैङ्गिक समता तथा नेतृत्व (सिद्धान्त ६)<br>● स्वास्थ्य तथा सुरक्षा विषयहरु (सिद्धान्त ७)<br>● कामदारहरु तथा उत्पादकहरुमा स्वच्छ व्यापार विषय जागरुकता (सिद्धान्त ९)<br>● वातावरणमा प्रभाव न्यूनिकरण (सिद्धान्त १०) | **२ वर्ष भित्र अनिवार्य**<br>सबै सदस्यहरु |
| ८.२ | **स्वच्छ व्यापार आपूर्तिकर्तालाई सहयोगः** खरिदकर्ता संस्थाले आफ्ना स्वच्छ व्यापारका उत्पादन आपूर्तिकर्ताहरुलाई तिनीहरुको व्यवस्थापन कौशल, उत्पादन | **२ वर्ष भित्र अनिवार्य**<br>स्व.व्या.आपूर्तिकर्ता |

| | | |
|---|---|---|
| | क्षमता, नेतृत्व, उत्पादन गुणस्तर तथा बजारिकरणमा सुधारको लागि सहयोग गर्नु पर्दछ । यस्तै आफ्नो स्तर तथा क्षमता अनुरुप उपयुक्ततालाई ध्यानमा राखि तिनीहरुलाई विश्व स्वच्छ व्यापार संगठनको स्तरमा लाने प्रयासमा सहयोग गर्नु पर्दछ । | |
| ८.३ | **स्वच्छ व्यापार सञ्जाल तथा स्वच्छ व्यापार आपूर्तिकता संस्थाको सक्षमता बृद्धि र शिक्षा:** संस्थाले आफ्ना व्यापार साझेदार सदस्यहरुलाई स्वच्छ व्यापारका सिद्धान्तहरुका बारेमा शिक्षित गर्नु पर्दछ र यसरी शिक्षित गर्दा निम्न कुराहरुमा विशेष ध्यान दिनु पर्ने हुन्छ :<br>• आर्थिक रुपले सीमान्तकृत उत्पादकहरुको बजारमा पहुँच<br>• स्वच्छ व्यापार उत्पादनको रुपमा लेवलिंग (स्वच्छ व्यापार सिद्धान्त अनुरुप उत्पादन वा व्यापार भएको हुनु पर्ने तथा विश्व स्वच्छ व्यापार संगठनबाट ग्यारेन्टेड गर्ने वा अनुच्छेद २ मा सूचिकृत स्वच्छ व्यापार योजना अनुसार प्रमाणित)<br>• स्वच्छ मूल्य सहित दिगो तथा समतामूलक व्यापार सम्वन्ध ।<br>• राम्रो काम गर्ने अवस्था<br>• उत्पादकहरु तथा कामदारहरुको सक्षमता अभिबृद्धि तथा सशक्तिकरण<br>• उपभोक्ता जागरण तथा एडभोकेसि | **निरन्तर सुधार**<br>सबै स्व.व्या संस्थाहरु तथा सञ्जाल |

**सिद्धान्त ९  स्वच्छ व्यापारको प्रवर्द्धन**

संस्थाले स्वच्छ व्यापारका लक्ष्यहरुको साथै स्वच्छ व्यापार मार्फत विश्व व्यापारमा अधिक न्यायको आवश्यकता बारे जागरुकता अभिबृद्धि गर्दछ । संस्थाको दायरा अनुसार स्वच्छ व्यापारको उद्देश्यहरु तथा कार्यकलापहरुको प्रवर्द्धन गर्दछ ।

संस्थाले आफ्नो तथा बजारको लागि राखिएको उत्पादन र उत्पादक संस्थाहरु साथै उत्पादकहरु वा कामदारहरु बारेमा यसका ग्राहकहरुलाई जानकारी उपलब्ध गराएको हुन्छ । स्वच्छ विज्ञापन तथा बजारिकरणका तरिकाहरुको सधै उपयोग गरेको हुन्छ ।

| क.सं | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|

| | | |
|---|---|---|
| ९.१ | **स्वच्छ व्यापारको प्रवर्द्धन:** संस्थाले स्वच्छ व्यापार तथा यसका सिद्धान्तहरुको बारेमा आन्तरिक रुपमा आफ्ना कामदारहरु तथा उत्पादकहरु माझ जानकारी अभिबृद्धि गर्नुको साथै आफ्ना कार्य क्षेत्र अनुसार व्यापार साझेदारहरु तथा सर्वसाधारण (उपभोक्ताहरु तथा स्थानीय समुदाय) मा पनि प्रवर्द्धन गर्नु पर्दछ ।<br><br>*उदाहरण: व्यापारको एक हिस्साको रुपमा स्वच्छ व्यापारको प्रवर्द्धन गर्नु वा वेभसाइत मार्फत सूचना प्रवाह गरी स्वच्छ व्यापारको प्रवर्द्धन गर्नु ।*<br>*स्वच्छ व्यापार संस्थाहरुले उपभोक्ताहरुलाई प्रत्यक्ष सम्वन्धबाट तथा स्वच्छ व्यापार सञ्जाल र स्वच्छ व्यापार आपूर्ति संस्थाहरुले आफ्ना उपभोक्ताहरुलाई स्वच्छ व्यापारबारे शिक्षित तुल्याउने अपेक्षा गरिएको हुन्छ ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ९.२ | **स्वच्छ व्यापारका विषयहरुको वकालत गर्ने तथा विश्व स्वच्छ व्यापार संगठनमा संलग्नता:** स्वच्छ व्यापारका विषयहरुबारे जागरुकता अभिबृद्धि, शिक्षित, अभियान संचालन वा वकालत, आदि गर्ने कार्यमा संस्था लागिपरेको हुन्छ *जस्तो महिलाको सशक्त भूमिका, गरिबी निवारण, भेदभाव उन्मूलन, आदि ।* यस्तै आफ्नो कार्य क्षेत्रको दायरा अनुरुप तथा संभवत: आफ्ना साझेदाहरु वा स्थानीय स्वच्छ व्यापार सञ्जालसंगको सहकार्यमा विश्व स्वच्छ व्यापार संगठन समुदाय (*जस्तो क्षेत्रीय संगठनात्मक तहमा, सम्मेलन तहमा वा कार्य समूहमा योगदान*) मा संस्था स्वच्छ व्यापारको प्रवर्द्धनमा संलग्न भएको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| ९.३ | **आफ्नो निरन्तर प्रयास**: संस्थाले सच्चा तथा नैतिकतायुक्त विज्ञापन र बजारिकरणका तरिकाहरुको प्रयोगबाट स्वच्छ व्यापारको प्रवर्द्धन गर्नु पर्दछ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ९.४ | **स्वच्छ व्यापार सञ्जालको विश्वसनीय सदस्यता प्रणाली तथा दावी:**<br>• व्यापारिक संस्थाहरुको सदस्यताको लागि आफ्नो सदस्यता मापदण्डमा स्वच्छ व्यापारका सिद्धान्तहरु अनुरुपका प्रतिवद्धताहरु तथा नियमहरुमा स्वच्छ व्यापार अभ्यासहरु समावेश भएको हुनु पर्दछ ।<br>• आफ्ना सदस्य संस्थाहरुबाट सदस्यता सम्वन्धि मापदण्डहरु पुरा गरेको प्रमाणित गर्न विश्वसनीय सदस्यता प्रणाली भएको हुनु पर्दछ । यस्तै स्वच्छ व्यापार उत्पादनको दावी गर्ने ठूला व्यापारिक सदस्यहरु जसले बाह्य प्रमाणिकरण चाहेका हुन्छन तिनीहरुलाई सञ्जालमा आवद्ध भएको तीन वर्षमा भित्रमा मापदण्डहरु पुरा गर्न प्रोत्साहित गर्ने सदस्यता प्रणाली हुनु पर्दछ । (*उदाहरण: विश्व स्वच्छ व्यापार संगठनको सदस्य भएर वा अनुच्छेद २ मा* | **२ वर्ष भित्र**<br>**अनिवार्य**<br>स्व.व्या.सञ्जालहरु |

| | | |
|---|---|---|
| | *सूचिकृत स्वच्छ व्यापार प्रमाणिकरण योजना प्राप्त गरी), विस्तृतमा ६.४ हेर्नु होला ।*<br>• संस्थामा सदस्यहरुले सदस्यता मापदण्ड उलंघन गरेको वस्तुगत उजुरीबारे अनुगमनको प्रणाली भएको हुनु पर्दछ ।<br>• सदस्यता प्रणाली सम्वन्धमा भएको आफ्नो बाह्य दावीहरुलाई संस्थामा भएको प्रणालीमा आवद्ध गर्नु पर्दछ । विश्व स्वच्छ व्यापार संगठनको चिन्ह (लोगो) को प्रयोग यसका आफ्ना सदस्यमा मात्र सीमित भएको हुन्छ ।<br>*संस्थाको व्यापारिक साझेदार तथा खुद्रा व्यापार गर्ने सदस्यहरुले आफैं विश्व स्वच्छ व्यापार संगठनको सदस्य नभई यसको चिन्ह (लोगो) प्रयोग गर्न पाइने छैन ।*<br><br>*स्वच्छ व्यापार सञ्जालको सदस्यता मापदण्ड तथा दावी बारे थप निर्देशनको लागि अध्याय ४ पनि हेर्नु होला ।* | |
| ९.५ | सदस्यता प्रणालीको आवश्यकताहरु :<br>• संस्थाको सदस्यता प्रणालीले सम्पूर्ण स्वच्छ व्यापार आपूर्ति सञ्जालको ग्यारेन्टि गरेको हुन्छ ।<br>• ठूला सदस्यहरु (अध्याय ४ मा वर्णन गरिए अनुसारको) लाई तिनीहरुको स्वच्छ व्यापारको बाह्य प्रमाणिकरणको दावी गर्न, विश्व स्वच्छ व्यापार संगठनको सदस्य हुन वा अनुच्छेद २ मा सूचिकृत स्वच्छ व्यापार योजना मार्फत उत्पादन प्रमाणपत्र प्राप्त गर्न संस्थाले विश्व स्वच्छ व्यापार संगठनसंग मिलेर सहजिकरणको काम गर्नु पर्दछ ।<br>• संस्थाको प्रणाली विश्व स्वच्छ व्यापार संगठनले मानेको हुनु पर्दछ । | **६ वर्ष भित्र अनिवार्य**<br>स्व.व्या.सञ्जालहरु |

## सिद्धान्त १० वातावरण प्रति सम्मान

## दिगो स्रोत

Address
WFTO World Fair Trade Organization,
Godfried Bomansstraat 8-3,
4103 WR Culemborg, The Netherlands

Phone | Email | Online
Phone: +31(0) 345 53 6487
Email: info@wfto.com
Website: www.WFTO.com

स्वच्छ व्यापार उत्पादनहरु उत्पादन गर्ने संस्थाहरुले सम्भव भएसम्म स्थानीयस्तरमै कच्चा पदार्थहरु खरिद गरी त्यसको स्रोतको दिगो व्यवस्थापनबाट अधिकतम उपयोग गर्नु पर्दछ ।

**उत्पादन तरिकाहरु**

संस्थाहरुले कम उर्जा खपट हुने उत्पादन प्रविधि खोजि उपयोग गर्नु पर्दछ र संभव भएसम्म नवीकरणीय उर्जा उपयोग हुने प्रविधिको प्रयोग गर्नु पर्दछ जसले कम ग्यास उत्सर्जनबाट हरितगृहलाई न्यूनतम प्रभाव गरेको हुन्छ ।

**खेर जाने वस्तु वा फोहर व्यवस्थापन**

संस्थामा उत्पादन प्रकृयाबाट हुने फोहर प्रवाहबाट वातावरणमा हुने प्रभावलाई न्यूनिकरण गर्नु पर्दछ । स्वच्छ व्यापार कृषि वस्तु उत्पादकहरुले संभव भएसम्म उत्पादन तरिकामा जैविक प्रकृया वा कम किटनाशक औषधिको प्रयोग गरी वातावरणीय प्रभाव न्यूनिकरण गरेको हुनु पर्दछ ।

**खरिद नीति**

स्वच्छ व्यापार उत्पादनहरुको क्रेता तथा आयातकर्ताहरुले स्रोतको दीगो व्यवस्थापन भएका कच्चा पदार्थहरु उपयोग गरी उत्पादित वस्तुहरुको खरिदमा प्राथमिकता दिएको हुन्छ । यसबाट वातावरणमा ज्यादै न्यून प्रभाव मात्र भएको हुन्छ।

**प्याकेजिंग तथा सिपिङ्ग**

सबै संस्थाहरुले संभव भएसम्म प्याकिङ्गको लागि पुनः प्रयोग हुन सक्ने (Recycle) वा जैविक प्रकृयाबाट सजिलै नाश हुने (Biodegradable) वस्तुहरुको प्रयोग गरेको हुनु पर्दछ र संभव भएसम्म वस्तुहरुको ढुवानीको लागि सामुद्रिक मार्गको प्रयोग गर्नु पर्दछ ।

| क.स. | अनुपालन मापदण्ड | हुनु पर्ने स्थिति |
|---|---|---|
| १०.१ | **वातावरणीय कानूनी आवश्यकता पुराः** पर्यावरण संरक्षणको लागि आवश्यक उपयुक्त कानूनहरुलाई संस्थाले अनुपालन गर्नु पर्दछ । | **अनिवार्य** सबै सदस्यहरु |
| १०.२ | **प्रभाव न्यूनिकरणः** पानी संरक्षण, पानीको स्रोतहरु तथा प्राकृतिक सन्तुलन प्रणाली ( Natural ecosystem), जैविक विविधता, उर्जा उपयोग, वायु प्रदुषण तथा फोहर व्यवस्थापन, आदिमा उत्पादन गतिविधिबाट हुने मुख्यतयाः नकारात्मक प्रभावहरु न्यूनिकरण गर्ने तथा जानकारी राख्ने लिखित नीति संस्थासंग हुनु पर्दछ । संस्थाको उत्पादन संचालनस्तर तथा यसको वातावरणमा हुने प्रभावको गाम्भिर्यता अनुरुप | **निरन्तर सुधार** सबै सदस्यहरु |

| | | |
|---|---|---|
| | उक्त नीति प्रभावकारी भएको हुनु पर्दछ ।<br><br>*प्रभाव न्यूनिकरणका लागि आफ्ना स्वच्छ व्यापारका उत्पादन आपूर्तिकर्ताहरुसंग संयुक्त रुपमा संचालित आयोजनाहरु पनि यसमा सम्मिलित हुन सक्छ । गम्भिर पर्यावरणीय समस्याहरुको सम्वन्धमा विश्व स्वच्छ व्यापार संगठनले सुधारका उपायहरु बनाई त्यसको पालना आफ्ना सदस्यता निरन्तरताको लागि अनिवार्य बनाउन सक्छ ।* | |
| १०.३ | **उत्पादकहरुले प्रभाव न्यूनिकरण गर्ने** : उत्पादकहरु तथा घरमै काम गर्ने उत्पादकहरु आफ्ना कार्यसंग सम्वन्धित क्षेत्रको राम्रो पर्यावरणीय अभ्यासमा प्रशिक्षित भएको सुनिश्चित गर्नु पर्दछ र यसले गर्दा प्राकृतिक सन्तुलन प्रणाली (Natural ecosystem) को संरक्षण गर्नुको साथै पानी, वायु वा माटोको प्रदुषण रोक्ने छ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| १०.४ | **वातावरण विषयमा प्रशिक्षण तथा सहयोगः** संस्थाले आफ्ना स्वच्छ व्यापार उत्पादनका आपूर्तिकर्ताहरुलाई पर्यावरणीय प्रभाव न्यूनिकरणमा प्रशिक्षण तथा सहयोग दिनुको साथै उर्जा उपभोगमा कमी ल्याउने उत्पादनका उत्तम अभ्यासहरुको प्रवर्द्धन गर्नु पर्दछ । यस्तै पानी, वायु, माटो, आदिमा प्रदुषण उत्सर्जन कमी ल्याउने अभ्यासको प्रवर्द्धन गर्नु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |
| १०.५ | **प्याकेजिंग तथा ढुवानीः** संस्थाले संभव भएसम्म प्याकिङ्गको लागि पुनः प्रयोग हुन सक्ने (Recycle) वा जैविक प्रकृयाबाट सजिलै नाश हुने (Biodegradable) वस्तुहरुको उपयोग गरेको हुन पर्दछ र जहाँ संभव छ वस्तुहरुको ढुवानी गर्दा उर्जा कुशल साधन वा तरिकाको प्रयोग गर्नु पर्दछ । | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |

**अनुस"ची १ : उत्पादकहरुलाइ लाग"  ह'ने मापडण्ड**

उत्पादकहरुको लागि निम्नअनसार अनपालन मापडण्डहरु लाग हन्छ र उत्पादक आन्तरिक मल्यांकन प्रणलीमा अनगमन गर्न पर्छ( बिस्तृत बिबरण परिच्छेड ३.ज्ञ मा हर्नस)। यी मापडण्डहरु परा गराउन उत्पादहकरु संग मिलेर काम गर्न तपाइको जिम्मेवबरी हनेछ।

| सं | अनपालन मापडण्ड | हासिल गर्न पर्ने<br>लाग हने |
|---|---|---|
| १.३ | **आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु/कामदारहरुमा केन्द्रित :** संस्थाको काम तथा व्यापार मुख्यतया सामाजिक तथा आर्थिक रुपले सीमान्तकृत उत्पादकहरु तथा कामदारहरु संग भएको हुन्छ। यस्तै सामाजिक तथा आर्थिक रुपले सीमान्तकृतहरु संग कार्य गर्ने स्वच्छ व्यापार उत्पादनका आपूर्तिकर्तासंग वा त्यस्ता समूहहरुसंग उत्पादन खरिद गर्ने संग पनि संस्थाले काम तथा व्यापार गरेको हुन्छ। यसबाट संस्थाको काम वा व्यापारको मध्यनजर नै ती सीमान्तकृत समूहहरुमा सकारात्मक प्रभाव गर्नु रहेको हुन्छ। | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ४.८ | **उत्पादकहरुको लागि उचित मूल्यः** संस्थाका उत्पादकहरुले उचित मूल्य प्राप्त गर्दछ र त्यसबाट हुने आय आर्जनले तिनीहरु स्थानीय जीवनयापन ज्याला तहको आम्दानी गर्नमा सहयोग पुग्ने छ।<br><br>*जीवनयापन ज्याला हिसाव गर्दा उत्पादकहरुले स्वच्छ व्यापार उत्पादनमा व्यतित गरिने तिनीहरुको समय विचार गर्नुको साथै अन्य घरायसी आम्दानी पनि समावेश गर्न सकिन्छ।*<br>*स्वच्छ व्यापार संस्थाहरुले उत्पादकहरुलाई उचित मूल्य भुक्तान गरेको छैन भने यसको र भुक्तान गरिएको मूल्य बीचको फासला विश्लेषण गरी यसको भुक्तानी तर्फको योजना तथा व्यावहारिक समय तालिका र लक्ष्य तयार गर्नु पर्दछ।*<br><br>*(विश्व स्वच्छ व्यापार संगठन सुधार योजनामा तिनीहरु समावेश गर्नु पर्दछ)* | **निरन्तर सुधार**<br>सबै स्व.व्या संस्थाहरु |
| ५.३ | **उत्पादनमा बाल बालिकाको प्रयोगमा उत्पादकहरुको संलग्नताः** संस्थाले आफ्नो उत्पादन प्रकृयामा बाल बालिकाको संलग्नताको जोखिम बारे अनुगमन गर्नु पर्दछ र आफ्ना उत्पादकहरु/घरमा बसि काम गर्ने कामदारहरुका काममा निम्न कुराहरु भएको सुनिश्चित हुनु पर्दछः<br>• यदि उनीहरुले आफ्ना छोरा छोरीहरु (१५ वर्ष भन्दा कम उमेरका) लाई उत्पादन कार्यमा लगाइएको भए न्यूनतम रुपमा मात्र काम गराइने छ र यो कदापि खतरना हुने छैन साथै विद्यालय जानेमा हस्तक्षेप हुने छैन।<br>• परिवारका वा अन्य युवा (१५ देखि १७ वर्ष उमेर) लाई | **२ वर्ष भित्र अनिवार्य**<br>सबै स्व.व्या संस्थाहरु वा घरमै काम गर्ने कामदाहरु |

| | | |
|---|---|---|
| | खतराजनक वा शोषणयुक्त काममा लगाइने छैन ।<br>• उत्पादकहरुले कामदारको रुपमा बालबालिकाहरु (१५ वर्ष भन्दा कम उमेरका) लिने सम्झौता गरिने छैन ।<br><br>*निश्चित सिमा भित्र १५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई आफ्नो अविभावकले गर्ने उत्पादन कार्यमा लगाउन सकिने छ । यसबाट तिनीहरुको बिद्यालय जाने कार्यमा बाधा हुने छैन र उनीहरुलाई बिद्यालय समय बाहेक वा बिदाको समयमा मात्र काममा लगाइ बिद्यालयको गृहकार्य गर्ने तथा खेल्ने पर्याप्त समय दिनु पर्दछ । यस्तै ती कार्यहरु तिनीहरुको उमेर तथा शारिरीक अवस्था सुहाउँदो हुनु पर्दछ । अविभावकाले तिनीहरुको सुपरिवेक्षण गर्नु पर्दछ र तिनीहरुलाई लामो समय काममा लगाउन नहुने वा खतरायुक्त वा शोषणयुक्त अवस्थामा काम गर्न दिनु हुन्दैन । उमेर १३ वर्ष भन्दा कमका बालबालिकाको उत्पादन कार्यमा ज्यादै न्यूनतम मात्र संलग्नता भए हुनु पर्दछ ।* | |
| ५.५ | **बाध्यात्मक श्रम तथा मानव तस्करका श्रम नभएको:** संस्थाले र यसका उत्पादकहरुले कामदारहरुको स्वतन्त्र आन्दोलन वा रोजगारीलाई निषेध गर्न हुन्दै र मानव तस्कर कार्यमा संलग्न भएको हुनु हुन्दैन ।<br><br>*कहिलेकाही राम्रो आशयका कार्यहरुबाट पनि अनावश्य रुपमा निर्भरता हुने वा स्वतन्त्रता कुण्ठित हुन जान सक्छ जस्तो ऋण उपलव्ध गराउने योजनाबाट उत्पादकहरु/कामदारहरु लामो समयसम्म ऋणी भई रहन सक्ने, कामदारहरुको सक्कली परिचय संस्थामा राख्ने, आदि ।* | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ६.१ | **भेदभाव रहित:** संस्थाले भर्ना, पारिश्रमिक, प्रशिक्षणको अवसर, पदोन्नति, अवकाश वा निष्काशन, आदिमा जात, जाति, वर्ण, धर्म, क्षेत्र, लिङ्ग, अपाङ्गता, यौन अभिविन्यास, वर्गीय संगठनको सदस्यता, राजनीतिक सम्बद्धता, एच आई भि/एड्स् स्थिति वा उमेर आदिको आधारमा कुनै भेदभाव गर्नु हुदैन । तर संस्थाको ध्येयमा उल्लेख भए अनुसार कुनै पिछडिएको वा सीमान्तकृत समूहलाई प्राथमिकतामा राख्न सकिन्छ । | **अनिवार्य**<br>सबै सदस्यहरु |
| ७.४ | **उत्पादकहरुको स्वास्थ्य र सुरक्षा आचरण:** संस्थाले आफ्ना उत्पादकहरु/घरमा रहि काम गर्ने कामदारहरुको स्वास्थ्य र सुरक्षा जोखिमको अनुगमन गर्नु पर्दछ । यस्तै आफ्ना उत्पादकहरु/घरमा रहि काम गर्ने कामदारहरुमा सुरक्षा जोखिम बारे जागरुक भएको सुनिश्चितता, दुर्घटना रोकथाम तथा तिनीहरुले आफैको लागि, परिवारहरु तथा कामदारहरुको लागि स्वास्थ्य जोखिम न्यूनिकरण, आदि कार्यहरु गरेको हुनु पर्दछ । | **निरन्तर सुधार**<br>स्व.व्या संस्थाहरु उत्पादकहरु वा घरमा काम गर्ने उत्पादकहरु |
| १०.३ | **उत्पादकहरुले प्रभाव न्यूनिकरण गर्ने** : उत्पादकहरु तथा घरमै काम गर्ने उत्पादकहरु आफ्ना कार्यसंग सम्वन्धित क्षेत्रको राम्रो पर्यावरणीय | **निरन्तर सुधार**<br>सबै सदस्यहरु |

Address
WFTO World Fair Trade Organization,
Godfried Bomansstraat 8-3,
4103 WR Culemborg, The Netherlands

Phone | Email | Online
Phone: +31(0) 345 53 6487
Email: info@wfto.com
Website: www.WFTO.com

| | | |
|---|---|---|
| | अभ्यासमा प्रशिक्षित भएको सुनिश्चित गर्नु पर्दछ र यसले गर्दा प्राकृतिक सन्तुलन प्रणाली (Natural ecosystem) को संरक्षण गर्नुको साथै पानी, वायु वा माटोको प्रदुषण रोक्ने छ । | |

## अनुसूची २ आपूर्तिकर्ता मूल्यांकनको लागि मान्यता प्राप्त स्वच्छ ब्यापार योजनाहरु

बि स्व ब्या संगठनले स्वच्छ ब्यापार संस्थाको स्वच्छ ब्यापार बस्तुका आपूर्तिकर्ताहरु मूल्यांकनको लागि निम्न स्वच्छ ब्यापार प्रमाणिकरण प्रणाली लाई मान्यता प्रदान गर्दछ.।

- इको सर्ट /आई एम ओ फेयर ट्रेड लाइफ
- फलो सर्ट
- एस पि पि (फण्डेपो)
- नेचरल्याण्ड फेयर ट्रेड स्टान्डर्ड
- यदि स्व ब्या संस्था संग परिक्षण रिपोर्ट उपलब्ध छ, परिणाम लाई जांच गरेको छ र आपूर्तिकर्ताहरुले स्व ब्या शिद्धान्तहरु अनुपालन गरेको बारे अनुगमन गरेको छ भन्ने अन्य सामाजिक प्रमाणिकरण संस्थाहरुलाई पनि स्वीकार गर्न सकिन्छ।

यदि ब्यक्तिगत स्वच्छ ब्यापार  संजाल सदस्यता प्रमाणिरण ब्यबस्थाले सदस्यहरुको परिक्षणको प्रणलीको साथै आपूर्ति श्रृंखलामा स्वच्छ ब्यापार ब्यबहारको नमूना परिक्षण संलग्न गरि समान प्रकारको प्रतिबद्धता समाबेस गरेको छ भने बि स्व ब्या सगठनले ब्यक्तिगत स्वच्छ ब्यापार  संजाल सदस्यता प्रमाणिरण ब्यबस्थालाई पनि मान्यता दिन सक्छ।

| Technical Terminology | प्राबिधिक शब्दावली |
| --- | --- |
| WFTO | बि. स्व. ब्या. संयठन |
| Fair Trade Standard | स्वच्छ ब्यापार मानक |
| Compliance Crietra | अनुपालन मापडण्ड |
| Guarantee System | ग्यारेण्टी प्रणाली |
| Internal Monitoring System (IMS) | आन्तरिक मूल्यांकन प्रणाली ( आ मू प्र) |